का.जि.प्र.का.द.नं. १००/०५९/६०

१२ साउन २०८२,
**सोमबार**
28 July, 2025
Monday

मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

इपेपर हेर्न


वर्ष २३, अंक १७६ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# भयावह बैंकिङ अपराध

## एक वर्षमा अपराधका ५८ हजार ४ सय ७२ जाहेरीमध्ये बैंकिङ कसुरमा १३ हजार ८ सय ३७ मुद्दा



*वार्षिक प्रतिवेदन सार्वजनिक गर्दै नेपाल प्रहरीका उच्च अधिकारीहरू ।*




एक वर्षको मुद्दाको अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी बैंकिङ कसुरमा देखिन्छ, यसले पछिल्लो समय बैंक तथा वित्तीय कारोबारसम्बन्धी अपराधले भयावह स्थिति निम्त्याएको भन्न सकिन्छ



**विनोद घिमिरे**
**प्रवक्ता, नेपाल प्रहरी**

**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, ११ साउन ।

नेपालमा समग्र अपराधको अवस्था केही घटेको देखिए पनि बैंकिङ अपराधमा भयावह स्थिति देखापरेको छ । एक आर्थिक वर्ष २०८१/८२ मा देशभरका प्रहरी कार्यालयमा परेका अपराधका ५८ हजार ४ सय ७२ जाहेरीमध्ये बैंकिङ कसुरमा १३ हजार ८ सय ३७ मुद्दा दर्ता भएका हुन् ।

नेपाल प्रहरीको गत आर्थिक २०८१/८२ को प्रहरीको तथ्यांकअनुसार बैंकिङ कसुरसम्बन्धी मुद्दा पहिलो नम्बरमा आएको छ । २०८०/८१ मा देशभरका प्रहरी कार्यालयमा मुद्दा दर्ता भएको संख्या ५९ हजार २ सय ३ थियो । अघिल्लो वर्षको तुलनामा पछिल्लो आर्थिक वर्षमा ७ सय ३१ मुद्दा घटेका छन् । यसले समग्र अपराधका संख्यामा केही घटे पनि बैंकिङ मुद्दाको अवस्थामा वृद्धि भएको प्रहरीले जनाएको छ ।

नेपाल प्रहरीले वर्षभरका मुद्दाको तथ्यांक विश्लेषण गरी १० प्रकारका कसुरलाई प्राथमिकतासाथ प्रतिवेदन सार्वजनिक गरेको छ । जसअनुसार सार्वजनिक हित स्वास्थ्य, सुरक्षा र सुविधाको नैतिकताविरुद्धको ८ हजार ५ सय १९, आत्महत्या ६ हजार ८ सय ५२, लागूऔषध ५ हजार ६१, चोरी ३ हजार ६ सय ५६, जबरजस्ती करणी २ हजार २ सय ५३, ठगी २ हजार १ सय १८, सवारी ज्यान १ हजार ९ सय ९, ज्यान मार्ने उद्योग १ हजार ८१ र बहुविवाहको कसुरमा ५ सय ६८ मुद्दा दायर भएका थिए ।

त्यस्तै, योजनबद्ध रूपमा व्यक्ति हत्या गरेको अभियोगमा ५ सय १०, अपहरणका १ सय ४२, मानव बेचबिखनका १ सय ५२ मुद्दा रहेका छन् । प्रहरीमा दैनिक १ सय ६० मुद्दा दर्ता हुने गरेको नेपाल प्रहरी प्रवक्ता प्रहरी नायब महानिरीक्षक विनोद घिमिरेले जानकारी दिए । 'हामीले गत एक वर्षको मुद्दाको अवस्था विश्लेषण गर्दा सबैभन्दा बढी बैंकिङ कसुरमा मुद्दा दायर भएको पाएका छौं,' उनले भने, 'यसले पछिल्लो समय बैंक तथा वित्तीय कारोबारसम्बन्धी अपराधले भयावह स्थिति निम्त्याएको भन्न सकिन्छ ।'

बैंकिङ कसुरमा पनि सबैभन्दा बढी उपत्यकामा अपराध हुने गरेको पाइएको छ । 'बैंकिङ कसुरमा पनि सहरकेन्द्रित बढी देखिएको छ,' प्रवक्ता घिमिरेले भने, 'उपत्यकामा सबैभन्दा बढी अर्थात् ८ हजार ८० (५८.३९ प्रतिशत) बैंकिङ अपराधका मुद्दा दर्ता भएका छन् भने बाँकी देशभर ४१.६१ प्रतिशत मात्रै मुद्दा परेका छन् । सबैभन्दा कम कर्णाली प्रदेशमा २ सय ९७ (२.१४ प्रतिशत) बैंकिङ अपराधका मुद्दा छन् ।

यसले काठमाडौं उपत्यकामा बैंकिङ अपराधको स्थितिलाई गम्भीर रूपमा लिनुपर्ने प्रहरीले जनाएको छ । उपत्यकामा ८ हजार ८० मुद्दा दर्ता हुँदा मधेस प्रदेशमा १ हजार २ सय ७८, कोसीमा १ हजार २ सय ५३, लुम्बिनीमा ८ सय ८२, बाग्मतीमा ७ सय ९८, गण्डकीमा ८ सय ६ र सुदूरपश्चिम प्रदेशमा ४ सय ४३ मुद्दा दर्ता भएको प्रहरीको तथ्यांकमा उल्लेख छ ।

बैंकिङ कसुर मुद्दाको कानुनी प्रक्रिया

बैंक तथा वित्तीय संस्थाले चेक जारी भएको मितिले ६ महिनाभित्र चेक बाउन्स गराउनुपर्नेछ । बैंकिङ कसुर ऐनअन्तर्गत कसुरमा त्यस्तो कुसुर भएको थाहा भएको मितिले एक वर्षभित्र जाहेरी दिन सक्नेछन् । त्यसरी जाहेरी परेको मितिले ६ महिनाभित्र अदालतमा मुद्दा दायर गर्ने प्रावधान रहेको प्रहरी अधिकारीले बताउँछन् । तर, बैंक तथा वित्तीय संस्थाको कर्मचारी वा पदाधिकारीको हकमा जुनसुकै समयमा पनि मुद्दा चलाउन सकिनेछ व्यवस्था छ । बैंकिङ कसुर मुद्दामा बढीमा ६० दिनसम्म थुनामा राखी अनुसन्धान गर्न सकिनेछ । >>> पृष्ठ २ मा

**मानव बेचबिखन अपराध हो ।**

- मानिसलाई झुक्याएर बन्धक बनाउने वा दास बनाउने,
- मानिसलाई खरिद बिक्री गर्ने र जवरजस्ती काममा लगाउने,
- कुनै प्रकारको फाइदा लिई वा नलिई वेश्यावृत्तिमा लगाउने,
- प्रचलित कानून विपरीत मानव अङ्ग झिक्ने वा व्यापारिक प्रयोजनमा खरिद बिक्री गर्ने,
- वेश्यागमन गर्ने वा गराउनेजस्ता कार्य मानव वेचबिखन मानिने कार्य हुन् ।

यस्ता कार्य गर्ने गराउने व्यक्तिलाई कानूनबमोजिम कारवाही हुन्छ ।

त्यस्तो कार्य कहि कतै भए गरेको जानकारी भए नजिकको प्रहरीमा खबर गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# ९ हजारले गरे सगरमाथा आरोहण



**जानकी पाठक/मध्यान्ह**
काठमाडौं, ११ साउन ।

सगरमाथा चुचुरोमा पाइला टेक्ने नेपालसहित विभिन्न मुलुकका कुल आरोही संख्या ९ हजार ७७ पुगेका छन् । सगरमाथा आरोहणको इतिहास हेर्दा ७१ वर्षमा ९ हजार ७७ आरोहीले सगरमाथा आरोहण गरेको तथ्यांकले देखाएको हो ।

नेपाल पर्यटन विभागले सन् २०२४ अन्तिमसम्मको सगरमाथा र अन्य हिमालको आधिकारिक तथ्यांक सार्वजनिक गरेको छ । सो तथ्यांकअनुसार २०२४ मा मात्रै २ सय ९८ जना आरोहीको र ४ सय ९४ जना सहयोगीले चुचुरो चुमेका हुन् ।

यसमध्ये सगरमाथा चुचुरो पुग्ने महिला आरोही संख्या ७ सय ४ पुगेको तथ्यांकमा उल्लेख छ । सगरमाथा आरोहण गर्ने पहिलो महिला आरोही जापानकी जुनको ताबेई हुन् । उनले सन् १९७५ मा यो कीर्तिमान बनाएकी थिइन् । नेपालबाट पहिलो आरोहण गर्ने महिला पासाङल्हामु शेर्पा हुन् । उनले सन् १९९३ मा सगरमाथाको सफल आरोहण गरेकी थिइन् । आरोहण गरी फर्कने क्रममा उनको निधन भएको थियो । >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# नवीकरण ढिलाइले सयौं भिसा गुम्दै

**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ साउन ।

वर्षौंको मिहिनेत र लाखौंको लगानीमा सञ्चालन गरेको कम्पनीको कारोबार करिब २ हप्तायता बन्द रहँदा वार्षिक सय जना कामदार पठाउन नसकेका वैदेशिक रोजगार व्यवसायीमा तनाव र बेचैनी बढेको छ ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्ष भुवनसिंह गुरुङले वार्षिकरूपमा सय जना कामदारको श्रम स्वीकृति लिन नपाएका म्यानपावर कम्पनीको इजाजत नवीकरणका लागि सबै पक्षमा पहल जारी रहेको भन्दै आत्तिनुपर्ने अवस्था नरहेको बताएका छन् । तर व्यवसायी ढुक्क छैनन् । कम्पनीको नवीकरण कहिले हुन्छ ? भनेर सोधखोज गर्दै केही व्यवसायी ताहाचलस्थित वैदेशिक रोजगार विभागमा रहेको संस्था शाखाको झ्याल र ढोकाबाट दैनिकरूपमा सोधखोज गर्छन् । केही व्यवसायी कार्यालयभित्र गएर संस्था शाखाका निर्देशक टिकाराम ढकालसँग संस्थाको कारोबार खुला गरिदिन माग गर्ने गर्छन् । कतिपयले इमानदारपूर्वक पेसा व्यवसाय गररे आएको भए पनि आफूहरू सरकार र केही ठुला व्यवसायीले सिर्जना गरेको षड्यन्त्रको सिकार भएको भन्दै आक्रोश व्यक्त गर्ने गर्छन् । हाल वार्षिक संख्या सय पुर्‍याउन नसक्ने वर्गमा सरकारले फ्रि भिसा, फ्रि टिकट निर्णय लिनु अगाडिदेखि नै निःशुल्क कामदार पठाउने म्यानपावर व्यवसायी पनि छन् । कतिपय पछिल्लोपटक चर्चामा रहेको रोजगारदाताले राहदानी, मेडिकल र हवाई टिकट खर्च व्यहोर्नुपर्ने 'इम्प्लोइ पे मोडल'मा कामदार पठाउन सुरुवात गरेका र सफल भएका व्यवसायीहरू पनि छन् ।

तर सय संख्या नपुगेका कारण लाइसेन्स नवीकरण नहुँदा उनीहरू खिन्न देखिन्छन् । विभागमा भेटिएका एक व्यवसायीले भने, 'सरकारको नीतिअनुसार नै 'इम्प्लोइ पे मोडल'मा कामदार पठायौं । विपन्न अवस्थामा रहेका कामदारलाई त्यसले ठुलो राहत पुर्‍यायो । दुःख गरेर काम गरी ' इम्प्लोइ पे मोडल'मा कामदार पठाउन सम्भव छ भन्ने कुरा व्यवहारमा परिणत पनि गरायौं । तर हामीलाई समस्या पर्दा बुझिदिने र तपाईंहरूका पछाडि सरकार छ भनेर ढाडस दिने कोही भएन ।'

बिभाग परिसर मै भेटिएका आर्को ब्यबसायीले म्यानपावर नविकरण नहककुदा सैयौं भिसा गुम्ने अवस्थामा पुगेको बताए । 'सय नपुगेपनि ऐन नै संशोधन गरेर भए पनि म्यानपावर नवीकरण हुन्छ भन्ने ठूलाबढा नेताहरुको आश्वासनमा परेर >>> पृष्ठ २ मा

## संघ कार्यसमिति सदस्य खड्का एसोसिएसन प्रवेश




काठमाडौं/मस- नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले सल्लाहकारहरूलाई सम्मान गरेको छ । गत वैशाख १० गते एसोसिएसनले व्यवसायीहरू दानबहादुर बुढाथोकी, अम्बिका शर्मा, ख्यामनारायण पौडेल, दिलबहादुर धिताल, श्यामप्रसाद श्रेष्ठ र त्रिलोकचन्द विश्वासलाई सल्लाहकार चयन गरेको थियो ।

नेपाली कांग्रेसको मूल्यमान्यतामा अडिग रही एसोसिएसनलाई गरेको योगदानस्वरूप आइतबार एक संक्षिप्त कार्यक्रम राखी उनीहरूलाई सम्मान गरिएको एसोसिएसनका कार्यवाहक महासचिव तुलसी पुरीले जानकारी दिए । नेपाल वैदेशिक रोजगार >>> पृष्ठ २ मा

## ३ लाख ५६ हजार परिवारले पाए लालपुर्जा

# सुकुम्वासी समस्या उस्तै



सुकुम्वासी समस्या के हो ? कति छन्, कतिलाई बाँड्नुपर्ने हो, त्यो ठीकसँग निश्चित नगरी भूमि विधेयक ल्याइएको छ । यसले फेरि पनि समस्या समाधान गर्ने देखिँदैन ।

**● उपेन्द्र यादव**
**अध्यक्ष, जसपा नेपाल**



भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउन प्रचलित ऐनहरूमा संशोधन गर्न लागिएको हो ।

**● बलराम अधिकारी**
**मन्त्री, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ११ साउन ।

प्रतिनिधि सभामा विचाराधीन 'भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयक'को प्रमुख उद्देश्य हो- भूमिहीन दलित र सुकुम्वासीलाई जग्गा दिने तथा अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्ने । तर, यो उद्देश्य राखेर यसअघि पनि सरकारले पटक-पटक ऐन संशोधन गरेको छ, भने सुकमबासीलाई जग्गासमेत उपलब्ध गराएको छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका अनुसार हालसम्म सुकम्वासीका नाममा तीन लाख ५६ हजार परिवारलाई जग्गा उपलब्ध गराइसकिको छ । तर, सुकम्वासी समस्याको समाधान भएको छैन । बरु उल्टै सरकारी अधिकारीहरू नेपालमा सुकमबासीको संख्या कति छ भन्नेमा यकिन नरहेको जवाफ दिन्छन् ।

भूमिसम्बन्धी केही नेपाल ऐन संशोधन विधेयकमाथि आइतबार प्रतिनिधि सभाअन्तर्गतको कृषि, सहकारी तथा प्राकृतिक स्रोत समितिमा दफावार छलफल >>> पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१२ साउन २०८२ सोमबार
28 July 2025, Monday

# एनआरएनए बहराइनको अध्यक्षमा पुनः राजुकुमार श्रेष्ठ



**बहराइन/मस–** गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् (एनसीसी) बहराइनको १०औं राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ। बहराइनको जुर्फेयरस्थित अल मनजिल होटलमा सम्पन्न अधिवेशनबाट राजुकुमार श्रेष्ठ पुनः अध्यक्षमा निर्वाचित भएका छन्। श्रेष्ठ दोस्रो कार्यकालका लागि अध्यक्षमा निर्विरोध निर्वाचित भएका हुन्।

राष्ट्रिय महाधिवेशनले आईसीसी सदस्यमा वीरेन्द्र बुढाथोकी चयन भएका छन्। यस्तै वरिष्ठ उपाध्यक्ष अच्युतराज तिम्सिना र विमल थापा मगर, उपाध्यक्षमा वासुदेव प्याकुरेल र अमृत देवकोटा, महिला उपाध्यक्षमा सुशीला क्षेत्री (खत्री), महासचिवमा लालबहादुर कटुवाल, सचिवमा कृष्णप्रसाद गैरे, सहसचिवमा भाविन्द्र कटुवाल, कोषाध्यक्षमा दिपककुमार कर्ण, सहकोषाध्यक्षमा पनित्रा श्रेष्ठ, युवा संयोजकमा घनबहादुर थापा, खेलकुद तथा सांस्कृतिक संयोजकमा पवन शिवाकोटी, महिला सदस्यमा रिता कटुवाल, मुस्लिम समुदाय सदस्यमा मोहम्मद नियाज तथा खुला सदस्यमा गुणराज थापा मगर, रिगल श्रेष्ठ, सुनिल नेपाली र प्रेमराज पौडेल चयन भएका छन्। नवनिर्वाचित कार्यसमिति निर्विरोध निर्वाचित भएको हो।

महाधिवेशनको उद्घाटन बहराइनका लागि नेपाली राजदूत तीर्थराज वाग्लेले गरेका थिए। कार्यक्रममा विमला ढकाल वाग्ले, द्वितीय सचिव सुजना अर्याल, श्रम सहचारी सुनीता थापा, आईसीसी मध्यपूर्व संयोजक राजेन्द्र अर्याल, उपसंयोजक तथा संरक्षक लालप्रसाद पुन, महिला संयोजक तथा सल्लाहकार लक्ष्मी गिरीलगायत विशिष्ट अतिथिहरूको उपस्थिति थियो।

कार्यक्रममा स्थानीय कलाकारहरूको नृत्य प्रस्तुति, दोहोरी साँझ तथा बागलुङ सेवा समाजद्वारा प्रस्तुत मौलिक नौमती बाजाले सांस्कृतिक रौनक थपेका थिए।

महासचिव भुवन विमली र कोषाध्यक्ष दीपक कर्णले २०२३-०२५ कार्यकालको कार्यप्रगति तथा आर्थिक प्रतिवेदन प्रस्तुत गरे। संस्थाले सामाजिक, शैक्षिक, स्वास्थ्य र परोपकारी कार्यहरूमा गरेको योगदान प्रतिवेदनमा समावेश गरिएको थियो।बहराइन : गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् (एनसीसी) बहराइनको १० औं राष्ट्रिय महाधिवेशन सम्पन्न भएको छ। बहराइनको जुर्फेयरस्थित अल मनजिल होटलमा सम्पन्न अधिवेशनबाट राजुकुमार श्रेष्ठ पुनः अध्यक्षमा निर्वाचित भएका छन्।

राष्ट्रिय महाधिवेशनले आईसीसी सदस्यमा वीरेन्द्र बुढाथोकी चयन भएका छन्। यस्तै वरिष्ठ उपाध्यक्ष अच्युतराज तिम्सिना र विमल थापा मगर, उपाध्यक्षमा वासुदेव प्याकुरेल र अमृत देवकोटा, महिला उपाध्यक्षमा सुशीला क्षेत्री (खत्री), महासचिवमा लालबहादुर कटुवाल, सचिवमा कृष्णप्रसाद गैरे, सहसचिवमा भाविन्द्र कटुवाल, कोषाध्यक्षमा दिपककुमार कर्ण, सहकोषाध्यक्षमा पनित्रा श्रेष्ठ, युवा संयोजकमा घनबहादुर थापा, खेलकुद तथा सांस्कृतिक संयोजकमा पवन शिवाकोटी, महिला सदस्यमा रिता कटुवाल, मुस्लिम समुदाय सदस्यमा मोहम्मद नियाज तथा खुला सदस्यमा गुणराज थापा मगर, रिगल श्रेष्ठ, सुनिल नेपाली र प्रेमराज पौडेल चयन भएका छन्।

महाधिवेशनको उद्घाटन बहराइनका लागि नेपाली राजदूत तीर्थराज वाग्लेले गरेका थिए। कार्यक्रममा विमला ढकाल वाग्ले, द्वितीय सचिव सुजना अर्याल, श्रम सहचारी सुनीता थापा, आईसीसी मध्यपूर्व संयोजक राजेन्द्र अर्याल, उपसंयोजक तथा संरक्षक लालप्रसाद पुन, महिला संयोजक तथा सल्लाहकार लक्ष्मी गिरीलगायत विशिष्ट अतिथिहरूको उपस्थिति थियो।

कार्यक्रममा स्थानीय कलाकारहरूको नृत्य प्रस्तुति, दोहोरी साँझ तथा बागलुङ सेवा समाजद्वारा प्रस्तुत मौलिक नौमती बाजाले सांस्कृतिक रौनक थपेका थिए। महासचिव भुवन विमली र कोषाध्यक्ष दीपक कर्णले २०२३-०२५ कार्यकालको कार्यप्रगति तथा आर्थिक प्रतिवेदन प्रस्तुत गरे। संस्थाले सामाजिक, शैक्षिक, स्वास्थ्य र परोपकारी कार्यहरूमा गरेको योगदान प्रतिवेदनमा समावेश गरिएको थियो।

# श्रमिकका समस्या सुन्न हटलाइनको व्यवस्था गर्नेछु : अध्यक्ष पन्थी



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, ११ साउन

श्रमिकले आफ्ना समस्या गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् (एनआरएनए एनसीसी) कतार समक्ष राख्नका लागि हटलाइन नम्बरको व्यवस्था गर्ने नवनिर्वाचित अध्यक्ष कृष्ण पन्थीले बताएका छन्।

एघारौँ राष्ट्रिय एकता महाधिवेशनबाट सर्वसम्मत अध्यक्ष पदमा चयन भएका पन्थीले शपथ ग्रहण लगत्तै पञ्जीकृत सदस्यहरूलाई सम्बोधन गर्दै हटलाइन नम्बरसहित श्रमिकका समस्या तथा गुनासा राख्न ह्वाट्सएपको समेत व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गरे।

अध्यक्ष पन्थीले एनआरएनए अभियानमा आफू श्रमिकको माझमा रहेर कार्यसम्पादन गरेको हुँदा कतारका हरेक श्रमिकको माझमै रहने अर्को प्रतिबद्धता व्यक्त गरे।

विगतमा एनसीसीको कार्यसमिति सदस्यमा आफूले पराजयसम्म भोगेको स्मरण गर्दै पन्थीले आफू श्रमिक सहसंयोजक र निवर्तमान कार्यसमितिमा प्रथम उपाध्यक्ष तथा श्रमिक विभाग संयोजक रहेर काम गरेको अनुभवका आधारमा एनसीसीलाई श्रमिकमैत्री बनाइने बताए।

आफूलाई अध्यक्षको जिम्मेवारी सुम्पिन सहयोग गर्ने कतारका संघसंस्था तथा एनआरएनएका अभियन्तालाई धन्यवाद ज्ञापन गरे।

उनले संस्थालाई बलियो बनाउँदै कतारमा रहेका नेपालीलाई संस्थामा जोड्दै अगाडि बढ्नका लागि आगामी एक वर्षसम्म एनसीसी कतारको पञ्जीकृत सदस्यता खुल्ला रहने हुँदा सबैलाई एनसीसीमा जोडिन आग्रह गरे। परिषद् सदस्यता शुल्क मध्येबाट प्रत्येक एक परिषद् सदस्यको शुल्कको २० प्रतिशत सिँधै कोषमा जम्मा हुने गरी श्रमिक कल्याणकारी कोषको स्थापना गर्ने दोहोराए। एनसीसी कतारले २०२३/०२५ कार्यकालमा विशेष गरी श्रमिकका पक्षमा गरेका कार्यसम्पादन र आर्थिक पारदर्शिता नेपाली समाजमा प्रशंसाको विषय बनेका छन्।

## विश्व टाउको तथा घाँटी क्यान्सर दिवस

# भक्तपुर क्यान्सर अस्पतालमा नयाँ सेवा थप




**मध्यान्ह संवाददाता**
काठमाडौं, ११ साउन

हरेक वर्ष जुलाई २७ तारिखका दिन मनाइने विश्व टाउको तथा घाँटी क्यान्सर दिवस आइतबार नेपालसहित विश्वभर विभिन्न कार्यक्रमसहित मनाइएको छ।

नेपालमा दिवसका अवसरमा भक्तपुर क्यान्सर अस्पतालले क्यान्सर बिरामीमा समयमै उपचार र समुदायमा सचेतना फैलाउने उद्देश्यले विशेष कार्यक्रमको आयोजना गर्नुका साथै केही महत्वपूर्ण स्वास्थ्य सेवा थप गरेको छ।

अस्पतालले आइतबारदेखि दन्त तथा मुख रोग विभाग, स्तन क्यान्सर उपचारको लागि छुट्टै वार्ड, र डेन्टल ओपीडी सेवा सुरु गरेको छ। यसका लागि स्वास्थ्य मन्त्रालयले एमडीएस डाक्टर समेत अस्पताललाई उपलब्ध गराएको छ।

त्यस्तै, मानसिक स्वास्थ्य तथा मनोपरामर्श सेवा पनि यसै महिनाबाट सुरु गरिने अस्पतालका निमित्त कार्यकारी निर्देशक डा.उज्वल चालिसेले जानकारी दिए। यस सेवाबाट क्यान्सर पीडित बिरामी र उनका आफन्तहरूलाई मानसिक रूपमा सघाउन सहज हुने विश्वास गरिएको छ।

अस्पतालले टाउको, मुख, घाँटी, र स्तनको जटिल सर्जरीपछि प्लाष्टिक एण्ड रिकन्स्ट्रक्टिभ सर्जरी गर्नका लागि सुष्मा कोइराला अस्पतालसँग सहकार्य गरेको छ। यसले सर्जरीपश्चात बिरामीको शारीरिक संरचना पहिलेको अवस्थामा फर्काउन सहयोग पुऱ्याउनेछ।

साथै, रेडियसन उपचारपछि बोल्न र खाना निल्न समस्या हुने बिरामीहरूको सहजताका लागि अस्पतालले स्पीच एण्ड स्वालोइङ्ग थेरापी सेवा पनि सुरु गरेको छ।

कार्यक्रममा क्यान्सर विजय हासिल गरेका व्यक्तिहरू, स्वास्थ्यकर्मी र सरोकारवालाहरूको उल्लेख्य सहभागिता रहेको थियो। कार्यक्रममा बोल्दै डा.चालिसेले टाउको तथा घाँटी क्यान्सरबारे व्यापक जनचेतना फैलाउनु जरुरी रहेको उल्लेख गरे।

उनले भने, 'नेपालमा टाउको तथा घाँटीसम्बन्धी क्यान्सरको समस्या निकै ठूलो छ। धेरैजसो यस्ता क्यान्सर प्रारम्भिक चरणमै पत्ता लागेमा उपचार सम्भव हुन्छ तर चेतनाको अभाव, सामाजिक लज्जा र सेवा पहुँचको सीमितताले बिरामीहरू ढिलो अस्पताल पुग्ने गरेका छन्।' डा.चालिसेले क्यान्सरविरुद्धको लडाइँमा सरकार, स्वास्थ्यकर्मी, गैरसरकारी संस्था, सञ्चारमाध्यम सबैले आ-आफ्नो भूमिकामा सक्रिय भूमिका खेल्नुपर्ने बताउँदै क्यान्सर विजेता बिरामीहरूलाई प्रेरणाका प्रतिनिधि, चेतनाका दूत र परिवर्तनका अगुवाको रूपमा सम्मान गर्नुपर्नेमा जोड दिए। भक्तपुर क्यान्सर अस्पतालको यो पहलले टाउको तथा घाँटी क्यान्सरसम्बन्धी जनचेतना र उपचार पहुँच दुवै विस्तार गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ।

## भयावह...

सुरक्षाकर्मीविरुद्ध ३७ सय उजुरी एक वर्षमा नेपाल प्रहरीका विभिन्न सुरक्षाकर्मीविरुद्ध ३७ सय भदा बढी उजुरी परेको छ। नेपाल प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार आर्थिक वर्ष २०८१/८२ मा ३ हजार ७ सय ५३ उजुरी प्रहरी प्रवक्ता घिमिरेले बताए। तीमध्ये ८१ प्रतिशत पछ्र्योट भएको उनको भनाइ छ।

घिमिरेका अनुसार ७ सय उजुरी भने छानबिनकै क्रममा छन्। ई-कम्प्लेन, अख्तियार, गृह मन्त्रालय, टोल फ्री नम्बर, प्रहरी महानिरीक्षकको सचिवालय, प्रधानमन्त्रीको कार्यालय तथा हेलो सरकार, राष्ट्रिय सतकर्ता केन्द्र, व्यक्ति स्वयंमार्फत र हुलाकमार्फत प्रहरी कर्मचारीविरुद्ध उजुरी आउने गरेको प्रवक्ता घिमिरेले बताए। जसमध्ये सबैभन्दा बढी हेलो सरकारमार्फत १९ सय ६ उजुरी परेको प्रहरीको तथ्यांकमा उल्लेख छ।

## ९ हजारले...

७०४औं महिला आरोहीमा भारतकी रिना देवी हुन्। उनले मे २०२४ मा सगरमाथा चढेकी थिइन्। यो सूचीमा सन् २०२५ को वसन्त ऋतुमा सगरमाथा चढेकाको विवरण भने समावेश छैन। सगरमाथा आरोहण सुरुवात भने तेन्जिङनोर्गे शेर्पा र एडमन्ड हिलारीले सन् १९५३ मा सफल आरोहण गरेसँगै सुरु भएको थियो। २०२४ मा सबैभन्दा धेरै नेपाली ४ सय ९४ जना चुचुरो पुगेका थिए। चिनियाँ ५४, अमेरिकी ४६ र बेलायती २६ जनाले सगरमाथा चढेको देखिन्छ। यस सूचीमा २०२५ को वसन्तु ऋतुमा भएको आरोहण समावेश छैन। विभागका अनुसार सन् २०१० यता २ हजार ६ यस ७८ आरोही र ३ हजार ६ सय ९१ जना सहयोगी स्टाफले चुचुरो चुमेको देखिन्छ।

## नवीकरण...

काम गरियो। यहि बीच २०/३० वटा भिसा पनि आए। अहिले एल टी नै रोकियो', उनले मध्यान्हसंग भने, 'मजस्ता दर्जनौ व्यवसायी छन्, उनीहरुको सैयौं भिसा खेर जाने अवस्थामा पुगेको छ।'

विभागका निर्देशक ढकाल कतिपय व्यवसायी विभागले नचाहेर लाइसेन्स नवीकरण नभएको जस्तो गरेर प्रस्तुत हुँदा विभागमा अन्य नियमित काम छोडेर दिनभर व्यवसायीलाई जवाफ दिनुपर्ने अवस्था उत्पन्न भएको बताउँछन्।

उनले भने, 'सरकारको प्रस्तावअनुसार संघीय संसद्ले वैदेशिक रोजगार ऐनमा रहेको इजाजत नवीकरणका लागि वार्षिक सय जना कामदारको श्रम स्वीकृति लिनुपर्ने व्यवस्था खारेज गर्ने विधेयक पारित गरिसकेको छ। तर राष्ट्रपतिबाट प्रमाणीकरण भइनसकेका कारण ३२६ भन्दा बढी म्यानपावर कम्पनीको साउन १ गतेदेखि कारोबार रोकिएको छ। ऐन पारित भएको अवस्थामा पनि नियमावलीलगायतका प्रावधान संशोधन नहुँदा व्यवसायीहरूले सोचेजस्तो छिटो संस्था नवीकरण हुने अवस्था देखिँदैन। त्यसमा पनि वार्षिक सय संख्या किन पुग्न सकेन भनेर नवीकरणअघि अनुगमनसमेत गर्नुपर्ने हुनसक्छ।'

निर्देशक ढकालले विगत वर्षभैं मन्त्रिपरिषदबाट बाधा अड्काउ फुकाउ आदेश जारी हुनसके नवीकरण छिटो हुने आँकलन गरिएको बताए। संघ अध्यक्ष गुरुङले विधेयक प्रमाणीकरण अभावमा व्यवसायीले झेल्नुपरेका समस्या समाधानका लागि गत बिहीबार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री शरतसिंह भण्डारी, सचिव कृष्णहरि पुष्कर र वैदेशिक रोजगार विभागका महानिर्देशक कमलप्रसाद भट्टराईलगायतसँग छलफल गरेका थिए। व्यवसायीका समस्या समाधानका लागि छलफलमा सकारात्मक वातावरण बनेको उनले बताएका थिए।

त्यस्तै नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएसनले सय जना कामदार नपुगेका कारण इजाजतपत्र नवीकरण नभएको समस्यालाई अत्यन्तै गम्भीर र संवेदनशीलरूपमा लिएको र सोहीअनुसार पहल भएको भन्दै सय संख्या पुऱ्याउन नसकेका व्यवसायीहरूले चिन्तित नभई केही समय धैर्यधारण गर्नुपर्ने बताएको छ।

उता प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालले संख्या सयका सम्बन्धमा तत्काल वैदेशिक रोजगार व्यवसायीहरूलाई बाधा अड्काउ फुकाउ आदेशमार्फत अन्तरिम राहत उपलब्ध गराउन श्रममन्त्री शरतसिंह भण्डारीसमक्ष माग गरेको छ। सबैतिरबाट समस्या समाधानको पहल हुँदा पनि चाहेअनुसारको समयमा परिणाम ननिस्कँदा विभाग र व्यवसायीमा तनाव बढेको छ।

## संघ...

व्यवसायी संघको गत निर्वाचनमा एसोसिएसनबाट सिफारिस गरिएका आधिकारिक उम्मेदवारहरूलाई जिताउन सल्लाहकारहरूको योगदानको उच्च मूल्यांकन गरिएको एसोसिएसनले जनाएको छ। त्यस्तै, एसोसिएसनमा प्रवेश गरेकी नेपाल वैदेशिक रोजगार व्यवसायी संघ कार्यसमिति सदस्य रमा खड्कालाई एसोसिएसनले सदस्यता प्रदान गरेको छ। संघको गत निर्वाचनमा प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मञ्च नेपालको सिफारिसमा उम्मेदवार बनेर विजयी भएकी खड्का रियो ओभरसिज प्रालिकी सञ्चालिका हुन्। उनले संघको निर्वाचनमा ३ सय ८८ मत पाएकी थिइन्। व्यवसायी खड्काले नेपाली कांग्रेसको मूल्यमान्यता र आदर्शप्रति प्रतिबद्ध भई कांग्रेसको शुभेच्छुक संस्था एसोसिएसनको सदस्यता लिएको बताएकी छन्।

एसोसिएसनले कार्यसमिति सदस्य रबिन मेघाले मगरले दिएको राजीनामा स्वीकृत गरी रिक्त सदस्य पदमा व्यवसायी जयहरि गोइतलाई नियुक्त गरेको छ। मगर केही दिनअघि संघको कार्यसमिति सदस्यमा नियुक्त भएका थिए। एसोसिएसनको आइतबार बसेको कार्यसमिति बैठकले उक्त निर्णय गरेको कार्यवाहक महासचिव पुरीले जानकारी दिए।

## सुकुम्वासी...

थियो। छलफलमा जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले भूमि मन्त्रालयलाई उद्धृत गर्दै प्रस्तुत गरेको तथ्यांकअनुसार सुकुम्वासीका नाममा नेपालमा हालसम्म पाँच लाख ७० हजार हेक्टर जग्गा वितरण भएको छ। सो जग्गा तीन लाख ५६ हजार चार सय परिवारलाई दिइएको हो। तर, अझै पनि सुकुम्वासी समस्या उस्तै छ। २०४५ सालमा तत्कालीन सरकारले निर्णय गरेर एक लाख १६ हजार ६४८ हेक्टर जग्गा वितरण गरिएको थियो। त्यसयता पनि सरकारले आयोग बनाएर जग्गा वितरण गर्दै आएको छ।

फेरि पनि सुकुम्वासी समस्या समाधान गर्ने सरकारको चाहना हने भने नेपालमा कति सुकुम्वासी छन् यकिन गर्नुपर्ने सुझाउँछन् जसपा नेपालका अध्यक्ष यादव। उनी भन्छन्, 'सुकुम्वासी समस्या के हो, कति छन्, कतिलाई बाँड्नुपर्ने हो, त्यो ठीकसँग निश्चित नगरी भूमि विधेयक ल्याइएको छ। यसले फेरि पनि समस्या समाधान गर्ने देखिँदैन।'

सरकारले प्रस्ताव गरेको भूमिसम्बन्धी विधेयक ऐनमा रूपान्तरित भए तीनवटा ऐन (भूमि सम्बन्धी ऐन २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ र वन ऐन २०७६ संशोधन हुनेछ। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री अधिकारी भने घर जग्गा व्यवसायीका लागि सहजीकरण गर्नुका साथै भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीको व्यवस्थापनका निम्ति विधेयक ल्याएको बताउँछन्।

उनकाअनुसार प्रचलित कानुनले घर जग्गा व्यवसाय गर्न अनुमति लिएको कम्पनीलाई हदबन्दीभित्रको जग्गा विकास गरी घडेरी, घडेरीमा घर वा अपार्टमेन्ट निर्माण गरी बिक्री गर्न दिँदैन। यो अवस्थालाई फुकाउन, भूमिहीन दलित, भूमिहीन सुकुम्वासीलाई जग्गा उपलब्ध गराउन र अव्यवस्थित बसोबासीलाई व्यवस्थापन गर्न विधेयक ल्याएको उनको तर्क छ।

भूमिमन्त्री अधिकारले विधेयकमै लेखेका छन्, '...भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोबासीलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा कानुनी व्यवस्थालाई समयानुकूल बनाउन वाञ्छनीय भएकाले' प्रचलित ऐनहरूमा संशोधन गर्न लागिएको हो।'यो विधेयक २३ वैशाख २०८२ मा प्रतिनिधि सभामा दर्ता भएको थियो। ९ साउन २०८२ मा प्रतिनिधि सभाले दफावार छलफलका लागि संसदीय समितिमा पठाएको छ। आइतबारबाट संसदीय समितिले संशोधनकर्ता सांसदहरूसँग छलफल सुरु गरेको छ। विधेयकमा सांसदहरूका ५५ वटा संशोधन परेका छन्।

बागमती प्रदेश सरकार
**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय**
**मत्स्य विकास केन्द्र**
भण्डारा,चितवन।

**राष्ट्रियस्तरको बोलपत्र आव्हान सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८२।०४।१२ (सोमबार)**
सूचना नं. FDC/NCB/PRFFF/01-2082.083

आर्थिक वर्ष २०८२/०८३ को लागि आवश्यक तपसिलको माछा आहारा बनाउनको लागि आवश्यक कच्चा पदार्थहरू, e–bid मार्फत खरिद गर्नुपर्ने भएकोले योग्य फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ३१ औं दिनको १२ बजे भित्र www.bolpatra.gov.np.egp मार्फत बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. विस्तृत विवरण सहितको सूचनाका लागि www.bolpatra.gov.np.epg तथा यस कार्यालयको वेबसाइट http://fdcbhandara.gov.np मा हेर्न सकिनेछ। साथै मोवाइल नं. ९८४८८०४८६२ वा ९८६२१४५७४८ मा सम्पर्क गरी जानकारी लिन सकिनेछ।
२. बोलपत्र सम्बन्धी कागजात आंशिक वा पूर्ण रूपमा स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

**तपसिलः**

| क्र.सं. | ठेक्का नं. | आपूर्ति गर्नुपर्ने मालसामनको विवरण | परिमाण | एकाइ | बोलपत्र जमानत (BBG) रकमरु. | बोलपत्र दस्तुररु. |
|---|---|---|---|---|---|---|
| १ | FDC/NCB/PRFFF/01-2082.083 | धानको ढुटो | १३३५० | के.जी | ८२,८०९।- | ३,०००।- |
| २ | | तोरीको पिना | १४७०० | | | |
| ३ | | भटमासको दाना | १५४५० | | | |
| ४ | | गहुँको पिठो | १४५५० | | | |

**कार्यालय प्रमुख**

**सन्धिखर्क नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सन्धिखर्क, अर्घाखाँची**
**लुम्बिनी प्रदेश, नेपाल**

**सेवा करारमा कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**प्रकाशित मितिः २०८२/०४/१२ गते**

सन्धिखर्क नगरपालिका, नगर कार्यपालिकाको कार्यालय अन्तर्गत तपसिल बमोजिमका विद्यालयहरुको लागि विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम अन्तर्गत देहाय बमोजिमका विद्यालयमा रहने गरी विद्यालय नर्सको योग्यता हासिल गरेका कर्मचारीहरु सेवा करारमा राख्नु पर्ने भएकोले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको छ। यस सूचना बमोजिमको दरखास्त फाराम, कार्यविवरण, पारिश्रमिक, सेवा सर्तहरु सहितको विस्तृत विवरण कार्यालयको वेवसाईट www.sandhikharkamun.gov.np बाट प्राप्त गर्न सकिनेछ।

| क्र. सं. | विज्ञापन नं. | पद | विद्यालयको नाम | पद संख्या |
|---|---|---|---|---|
| १ | 83/2082/3 | विद्यालय नर्स | श्री युवावर्ष जनता रविचित्र मा.वि.हटारी नेटा | १ |
| | | | श्री जनज्योती मा.वि.चुत्रावेसी | १ |
| | | | श्री भगवती मा.वि.शङ्खेटारी | १ |
| | | | श्री ज्ञान प्रकाश मा.वि.सल्लीकोट | १ |

**न्यूनतम शैक्षिक योग्यता र अनुभवः**
१. नेपाली नागरिकता
२. **न्यूनतम शैक्षिक योग्यता :** नेपाल सरकारबाट मान्यताप्राप्त शैक्षिक संस्थाबाट नर्सिङ्ग विषयमा प्रविणता प्रमाण पत्र तह उत्तिर्ण गरेको,
३. नेपाल नर्सिङ्ग परिषदमा दर्ता भएको,
४. अन्य प्रचलित कानूनद्धारा अयोग्य नभएको,
५. स्थानीय उम्मेदवारलाई प्राथमिकता दिइने छ,

- **परिक्षाको किसिम :** लिखित र अन्तवार्ता
- **आवश्यक कागजातहरुः** माथि उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपी, अनुभवको प्रमाणपत्रको प्रतिलिपि र पासपोर्ट साईजको फोटो एक प्रति आफुले आवेदन गर्न चाहेको पद प्रष्ट रुपमा खुलाई निवेदन सहित नगरपालिकाको कार्यालयमा पेस गर्नुपर्ने छ। तोकिएको समयभन्दा पछि आएका आवेदनहरुलाई छनोट प्रक्रियामा समावेश गरिने छैन।
- **उमेरः** दरखास्त दिने अन्तिम मितिसम्म ४५ वर्ष ननाघेको,
- **आवेदन दस्तुरः** रु. १,०००/- (अक्षरेपी एक हजार मात्र),
- **दरखास्त दिने अन्तिम मितिः** २०८२/०४/२६ गतेका दिन कार्यालय समय भित्र बुझाउन सकिने छ आवेदन बुझाउने अन्तिम दिन सार्वजनिक विदा परेमा विदाको भोलिपल्ट आवेदन बुझाउन सकिने छ।

**पदपूर्ति समिति**

दर्ता नभएको 'शहीद स्मृति प्रतिष्ठान'को नाममा उपभोक्ता समिति

# कर्णाली स्पोर्ट्स क्लबको जग्गामा भवन निर्माण

**दिलमाया शाही / मध्यान्ह**
जुम्ला, ११ साउन



जुम्लामा दर्ता प्रक्रिया नै नगरी स्थापना गरिएको 'शहीद स्मृति प्रतिष्ठान'को नाममा उपभोक्ता समिति गठन गरी कर्णाली स्पोर्ट्स क्लबको स्वामित्वमा रहेको जग्गामा भवन निर्माण गरिएको तथ्य बाहिरिएको छ ।

क्लबको स्वामित्वमा रहेको कित्ता नम्बर २४५, क्षेत्रफल ००१३० मा भवन निर्माण प्रक्रिया सुरु गरी हालसम्म ३० लाख रुपैयाँ बजेट भुक्तानी गरिएको खुलेको छ । उक्त बजेट संघीय सरकारले सघन शहरी विकास तथा भवन निर्माण आयोजना कार्यालय, जुम्लामार्फत शहीद स्मृति प्रतिष्ठानको नाममा विनियोजन गरी पठाएको थियो । शहीद स्मृति प्रतिष्ठान भवन निर्माण उपभोक्ता समिति जुम्लामार्फत उक्त कार्य भएको हो ।

यो बजेट प्रतिनिधिसभा सांसद छिरिङ ल्यामु ल्यामो तामाङको पहलमा प्राप्त ६० लाख रुपैयाँमध्येबाट आएको हो । सुरुमा आयोजना कार्यालयले शहीद स्मृति प्रतिष्ठानको नाममा जग्गा नहुँदा परियोजना अघि बढ्न नसक्ने स्पष्ट पारेको थियो । नेकपा (माओवादी केन्द्र) का जिल्ला संयोजक नवराज न्यौपानेले पनि कार्यालयको भनाइ जायज भएको भन्दै योजना रोकिएको बताए । उनले भने,'हामीले जग्गा पाएपछि केन्द्रमा दर्ता भएको शहीद स्मृति प्रतिष्ठानसँग सिफारिस मागी नामसारी गर्ने सोच बनाएका थियौं, तर सकिएन । अहिले भने कर्णाली स्पोर्ट्स क्लबको नाममा रहेको जग्गामा भवन बनेको भन्ने थाहा पाएको छु ।' उनले थपे,'नियम सबैका लागि एउटै हुनुपर्छ । हामीले कसैको जग्गा माग्दा अप्ठ्यारो देखाउने, अर्कोतिर भने फरक व्यक्तिको जग्गा देखाएर सहजै भुक्तानी दिने ? यस्तो पनि हुन्छ ?' उनका अनुसार शहीद स्मृति प्रतिष्ठानको नाममा उपभोक्ता समिति गठन गरी ३० लाख रुपैयाँको भुक्तानी गरिएको बिल देखिएको छ ।

यसैबीच, चन्दननाथ नगरपालिका-५ का वडाध्यक्ष वृष बहादुर कार्कीका अनुसार वडा कार्यालयले शहीद स्मृति भवन निर्माणका लागि आएको बजेट कर्णाली खेलकुद क्लबको जग्गामा खर्च गर्नुपर्ने भएकाले सहमतिको पत्र पठाएको हो । उनले भने, 'बजेट फिर्ता जाने अवस्थामा रहेकाले धावक हरिबहादुर रोकाया आएपछि सम्झौताका लागि वडा कार्यालयबाट सिफारिस पत्र लेखिएको हो । बजेट कहाँ दिने भन्ने जिम्मेवारी सघन शहरी विकास तथा आयोजना कार्यालयकै हो ।' सब-इन्जिनियर एवं सूचना अधिकारी चन्द्रबहादुर खड्काले पनि वडा कार्यालयको सिफारिसमा क्लबको जग्गामा शहीद स्मृति भवन निर्माण गरिएको पुष्टि गरे ।

तर, दर्ता नभएको संस्थाको नाममा उपभोक्ता समिति बनाइ सार्वजनिक बजेट सञ्चालन गरी निजी क्लबको जग्गामा भवन निर्माण गरिएको विषयले गम्भीर कानुनी तथा नैतिक प्रश्न उठाएको छ । यस्ता गतिविधिहरूले सार्वजनिक लेखा, सार्वजनिक जग्गा संरक्षण र बजेटको पारदर्शिता सम्बन्धी मापदण्डमा प्रश्नचिन्ह खडा गरिरहेको छ ।

उक्त योजना ६० लाखको रहेको र शहीद स्मृति प्रतिष्ठान भवन निर्माण उपभोक्ता समिति, जुम्लाको नाममा ३० लाख रुपैयाँ भुक्तानी भएको पुष्टि भएको छ । हाल भवन निर्माणको कार्य अझै जारी छ ।

**आरोप-प्रत्यारोप**

शहीद स्मृति प्रतिष्ठान भवन निर्माण उपभोक्ता समिति, जुम्लाका अध्यक्ष हरिबहादुर रोकाया (धावक) ले आफू अध्यक्ष बनेको पुष्टि गरे । उनले भने, 'मलाई अध्यक्ष बस भन्नु भएको थियो, त्यसैले बसेको हुँ । तर बजेटबारे मलाई कुनै जानकारी छैन ।' कर्णाली खेलकुद क्लबका अध्यक्ष सरोज शाहीले भने भवन निर्माण सबैको सहमतिमा गरिएको बताए । उनले भने, 'हामीले यस्तो काम गर्न खोजेका थिएनौं, सबैको सहमतिमा अघि बढाइएको हो । अहिले भने यसलाई अनावश्यक रूपमा 'इगो' को विषय बनाइएको छ ।' उनले माओवादी केन्द्र चन्दननाथ नगर कमिटीका अध्यक्ष सुरेन्द्र बहादुर महतले व्यक्तिगत रूपमा 'इगो' राखेर समस्या सिर्जना गरेको आरोप लगाए ।

उनका अनुसार सुरुमा सांसद लामा तामाङलगायत माओवादी नेताहरूको सहमतिमा बजेट कर्णाली खेलकुद क्लबलाई दिइएको थियो । 'सबैले भनेका थिए बजेट फिर्ता पठाउनु भन्दा काम गर । त्यसैले काम सुरु गर्यौं,' उनले भने । शाहीले अझै क्लबकै पैसाले बाँकी काम चलिरहेको उल्लेख गरे । संघीय सरकारले आर्थिक वर्ष २०८१/८२ का लागि सघन शहरी तथा भवन निर्माण आयोजना कार्यालय, जुम्लामार्फत ६० लाख रुपैयाँ बजेट पठाएको थियो ।

# एनआरएनए मलेसियाको अध्यक्षमा महतो निर्विरोध

**तिलोचन गौतम / मध्यान्ह**
क्वालालम्पुर, ११ साउन



गैरआवासीय नेपाली संघ( एनआरएनए) मलेसियाको नवौं अधिवेशन क्वालालम्पुरमा सम्पन्न भएको छ । अधिवेशनबाट राकेश प्रसाद महतो अध्यक्षमा निर्विरोध चयन भएका छन् ।

समारोहमा प्रमुख अतिथि संघका पूर्वअध्यक्ष हरि भट्टराई र विशेष अतिथिको रूपमा संस्थापक अध्यक्ष शंकरबहादुर पौडेल सहभागी थिए । कार्यक्रमको विशेष आकर्षणको रूपमा नेपालबाट आमन्त्रित चर्चित गायक तथा संगीतकार राजनराज सिवाकोटीको सांगीतिक प्रस्तुति रहेको थियो । त्यस्तै, स्थानीय कलाकारहरूले सांस्कृतिक प्रस्तुति दिएका थिए ।

विगत केही समयदेखि आन्तरिक विवादमा रहेको संघको अधिवेशन असहमति र अवरोधकाबीच सम्पन्न भएको हो । असन्तुष्ट पक्षका पूर्वअध्यक्ष विनोद थाहा, निवर्तमान उपाध्यक्ष इन्द्रनारायण लिम्बु लगायतका केही पदाधिकारी तथा नेपाली दूतावास मलेसियाका प्रतिनिधिहरू भने कार्यक्रममा अनुपस्थित रहेका थिए ।

प्रमुख अतिथि भट्टराईले अधिवेशन पूर्णतः विधानसम्मत रूपमा सम्पन्न भएको र केही व्यक्तिको असहमति संघको लोकतान्त्रिक प्रक्रियामा बाधा नबनेको स्पष्ट पारे ।

नव-निर्वाचित अध्यक्ष महतोको नेतृत्वमा आगामी दुई वर्ष (२०२५-२०२७) का लागि २३ सदस्यीय कार्यसमिति चयन गरिएको छ ।

संघको प्रथम उपाध्यक्षमा राजु तामाङ, नारायण अधिकारी, विनोद पाण्डे, अनिल कुमार चौधरी, महिला उपाध्यक्षमा लिला मगर, युवा उपाध्यक्षमा सन्तोष पौडेल र महासचिवमा विष्णु प्रसाद बराल चयन भएका छन् ।

सचिवमा उमेश कोइरी महतो, रमेश पौडेल,कोषाध्यक्षमा खेमराज खत्री, सह-कोषाध्यक्षमा सुरेश कुमार देवकोटा, युवा संयोजक राजन हायु राई र महिला संयोजकमा शोभा कुमारी खड्का चयन भएका छन् ।

यस्तै सदस्यहरूमा हरि बहादुर बस्नेत, कैलाश बिस्ट, रुपेश बी.के, बाबुराम थापा मगर, टिपेन्द्र बुढा मगर, इन्द्र प्रकाश भण्डारी, छेवाङ लामा, चित्र बहादुर थापा र दीपक प्रसाद यादव चयन भएका छन् । नवनिर्वाचित अध्यक्ष महतोले नयाँ कार्यसमितिको नेतृत्व गर्दै प्रवासी नेपालीहरूको हकहित, एकता र समृद्धिको पक्षमा सशक्त रूपमा काम गर्ने प्रतिबद्धता जनाए ।

# एनआरएनए युकेको अध्यक्षमा राजेन्द्र पुडासैनी विजयी



**लन्डन / मस-** गैरआवासीय नेपाली संघ (एनआरएनए) राष्ट्रिय समन्वय परिषद् (एनसीसी) युकेको अध्यक्षमा राजेन्द्र पुडासैनी निर्वाचित भएका छन् । पुडासैनी अध्यक्ष पदका लागि प्रतिस्पर्धामा रहेका गोविन्द खरेल र मनिष खत्रीलाई पछि पार्दै विजयी भएका हुन् ।

चुनावमा पुडासैनीले १ हजार ४८२ मत प्राप्त गरे । उनका प्रतिस्पर्धी गोविन्द खरेलले ९७७ र मनिष खत्रीले ४९६ मत प्राप्त गरे ।

खुला उपाध्यक्षमा उज्ज्वल कार्कीले १ हजार ८८४ र डा. रक्षा थापाले १ हजार ७२७ मत प्राप्त गर्दै विजयी भए । यस्तै, शम्भु अर्यालले १ हजार १९६ र ज्ञानेन्द्र आलेले ९६१ मत प्राप्त गरे ।

स्कटल्यान्डबाट प्रतिनिधित्व गर्ने उपाध्यक्षमा रामप्रसाद कंडेल १ हजार ६०८ मतसहित विजयी भए भने उनका प्रतिस्पर्धी शशी कार्कीले १ हजार १७४ मतस प्राप्त गरे ।

महासचिव पदमा दिवाकर पाण्डे १ हजार ६६० मतसहित निर्वाचित भए भने उनका प्रतिस्पर्धी पुण्य रेग्मीले १ हजार २०१ मत पाए । खुला सचिव पदमा डिएन खरालले १ हजार ८७९ र कृष्ण देवकोटाले २ हजार ३०९ मत प्राप्त गरी निर्वाचित भए ।

आइसीसी सदस्यतर्फ विष्णु खरेल २ हजार ३२५, तुंगभद्र भुसाल २ हजार २०७ र छविलाल अर्याल २ हजार १५ मत प्राप्त गर्दै विजयी भए ।

इंग्ल्यान्ड राज्य परिषद् अध्यक्षमा राममाया विष्ट थापा १ हजार ६९ मतसहित विजयी भइन् । उनकी प्रतिस्पर्धी अहिल्या कुँवरले ३४४ मत प्राप्त गरिन् ।

निर्वाचित अध्यक्ष पुडासैनीले आफ्नो कार्यकाललाई सदस्य केन्द्रित, जवाफदेही, समावेशी र एकबद्ध बनाउने प्रतिबद्धता व्यक्त गरेका छन् ।

# प्युठानमा सडक पूर्वाधार कार्यालयद्वारा ९४ योजना सम्पन्न

**सूर्यप्रसाद भुसाल / मध्यान्ह**
प्युठान, ११ साउन



प्युठानमा सडक पूर्वाधार विकास कार्यालयले आर्थिक वर्ष २०८१/८२ मा कुल ९४ योजनाको सफल कार्यान्वयन गरेको छ । कार्यालयका अनुसार सो अवधिमा जिल्लाभर ९.१८ किलोमिटर सडक कालोपत्रे गरिएको छ ।

कार्यालय प्रमुख वरिष्ठ इन्जिनियर चन्द्रबहादुर शाहका अनुसार २.३२ किलोमिटर सडक ग्राभेल, १.०९ किलोमिटर ढलान, ९.६६ किलोमिटर नाली निर्माण, १ स्ल्याब कल्भर्ट, १ कजवे र १ झोलुङ्गे पुल निर्माण सम्पन्न भएका छन् । साथै २ वटा मोटरेबल पुल र २ वटा झोलुंगे पुलको मर्मतसमेत गरिएको उनले जानकारी दिए ।

प्रमुख योजनाहरूमा बाग्दुला-दम्ती-बहाने-खवाङ-स्याउलीबाङ-नौवहीनी पर्यटन सडक (बहाने-स्याउलीबाङ खण्ड), ऐरावती गाउँपालिका पहुँच मार्ग (६ किमी कालोपत्रे) र बाग्दुला-दम्ती सडकको स्तरोन्नति समावेश छन् । शाहका अनुसार कुटिचौर-किटघाट पक्की पुल र मच्छी-पिडाल्ने पक्की पुलको काम तीव्र गतिमा अघि बढिरहेको छ । तर, बजेट अभाव र केही निर्माण व्यवसायीको लापरवाहीले केही योजना रोकिएको बताए । निर्माण व्यवसायीलाई कारबाहीको चेतावनी दिइएको र आवश्यक पत्राचार तथा प्रक्रिया अघि बढाइएको उनले जानकारी दिए ।

कार्यालयले यो आर्थिक वर्षमा सडक निर्माण, मोटरेबल पुल, झोलुङ्गे पुल, कल्भर्ट लगायतका योजनाहरूको ठेक्का लगाएर उल्लेखनीय प्रगति गरेको जनाएको छ । कार्यालयका अनुसार कुल ११३ योजना अन्तर्गत ९४ वटा योजना सम्पन्न भएका छन् । कार्यालयका लेखा अधिकृत सुनिल नेपालीका अनुसार चालु आर्थिक वर्षमा पुँजीगत बजेट ४७ करोड ४९ लाख ५० हजारमध्ये ३६ करोड ५९ लाख ८१ हजार रुपैयाँ खर्च भएको छ । भौतिक प्रगति ८० प्रतिशत र वित्तीय प्रगति ७७.०४ प्रतिशत पुगेको कार्यालयले जनाएको छ । शाहले बाग्दुला-दम्ती-बहाने-खवाङ-स्याउलीबाङ सडकको काम तीव्र गतिमा अघि बढिरहेकोले यो वर्षभित्र सम्पन्न गर्नेलक्ष्य रहेको बताए ।


ZERO COST RECRUITMENT OPPORTUNITY FOR QATAR !!
शून्य लागत अन्तर्गत कतारमा वैदेशिक रोजगारीको अवसर !!

Free Visa, Free Ticket, Free Medical, Free Processing, No Service Charge, No Cash Deposits, No Salary Deductions, No Mediator!
नि:शुल्क भिषा, नि:शुल्क टिकट, नि:शुल्क स्वास्थ्य जाँच, नि:शुल्क भर्ना प्रक्रिया, सेवा शुल्क नलाग्ने, तलब कटौती नहुने, नगद जम्मा गर्नु नपर्ने, मध्यस्थकर्ता (बिचौलिया) निषेधित ।

रोजगारदाता कम्पनी : टेइसिर सर्भिसेस कम्पनी, कतार
Employer Company : TEYSEER SERVICES COMPANY, Qatar

| पूर्व स्वीकृत मिति: | २०८२/०४/११ | चलानी नं.: | ६०२४१७६२ | एल टी नं.: | ३२७९३५ |
|---|---|---|---|---|---|
| Pre Approval Date: | 2025/07/27 | Invoice No.: | 60241762 | L.T. No.: | 327935 |

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | ASSISTANT COOK | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1300 | ४९,१२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | CLERICAL | 2 | 0 | | 2100 | ७९,३५९ | | | | | | | |
| 3. | COOK | 5 | 0 | | 1500 | ५६,६८५ | | | | | | | |
| 4. | DRIVER | 3 | 0 | | 1700 | ६४,२४३ | | | | | | | |
| 5. | LABOUR | 22 | 2 | | 1000 | ३७,७९० | | | | | | | |
| 6. | SUPERVISOR | 3 | 0 | | 2500 | ९४,४७५ | | | | | | | |
| 7. | TECHNICIAN | 5 | 0 | | 1200 | ४५,३४८ | | | | | | | |
| 8. | WAITER | 6 | 1 | | 1400 | ५२,९०६ | | | | | | | |

Pre-interview is going on. पूर्व अन्तरवार्ता धमाधम जारी छ ।
The final interview will be conducted in the office on 4 August 2025.
अन्तिम अन्तर्वार्ता हुने स्थान र मिति : संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ साउन १९ गते हुनेछ ।

नोटः आवेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया) को प्रयोग बिना सिधा VNVNEPAL मा आवेदन दिन आमन्त्रित गरिएको छ । आवेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन ।
Note: Applicants are invited to VNVNEPAL to apply directly without using any mediators. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कसले व्यहोर्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | विदेशमा गर्ने मेडिकलको मेडिकल खर्च कसले व्यहोर्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कसले व्यहोर्ने Who will bear the Insurance at Origin Country | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कसले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाई टिकट कसले दिने Who will bear the workers Air Ticket | भिषा शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी व्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने उमेर १८ देखि ३५ : ने.रु.३७०८।- उमेर ३६ देखि ५० : ने.रु.४९३१।- उमेर ५१ देखि ६४ :ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले व्यहोर्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले व्यहोर्ने NPR 1500/- By the Employer | रोजगारदाताले व्यहोर्ने By the Employer |

यस प्रा.लि. को कुनै शाखा तथा मध्यस्थकर्ता छैन । यस कम्पनीले कुनै पनि भर्ना शुल्क लिने छैन । यसको मतलब कुनै पनि भर्ना प्रक्रिया शुल्क नलाग्ने, तलब कटौती नहुने र नगद जम्मा गर्नु नपर्ने । Vision & Value Overseas Pvt. Ltd. does not have any branch or mediator representative. This company is a non fee charging company to workers going abroad. This means no placements fees, no processing fees, no salary deductions, no cash deposits or any form of fees.
हामी तपाईलाई हाम्रो कार्यालय परिसरमा राखिएका मागपत्रसँग सम्बन्धित जानकारीमूलक सामग्रीहरु जस्तै पर्चा, ब्यानर फ्लेक्स आदि पुर्ण रुपमा अध्ययन गरी जानकार हुन अनुरोध गर्दछौ ।
We request you to fully study and understand job-related informative materials such as flyers, banners, flex placed at our office premises.

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।
Information provided by the Department of Foreign Employment (DOFE) 1.Consult with Agency for the visa confirmation that is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment (DOFE), Tahachal.

License No.: 822|066|067
Vision & Value Overseas Pvt. Ltd.
GPO Box: 7764, Dhapasi Marg, Basundhara, Kathmandu, Nepal
Tel. : 014379749 | 9863194835
Email: apply@vnvnepal.com | Website: vnvnepal.com



Kuwait मा रोजगार
1. Caesars General Trading & Contracting Co. S.P.C.
पूर्व स्वीकृती मिति: २०८२/४/११ चलानी नं.: ६०२४१७३९ LT No.: 327906

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Female Sales Associate | 0 | 6 | काममा दक्ष | 150 | ६७,९५०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | | २ वर्ष |
| २. | Hostess | 0 | 3 | | 165 | ७४,७४५।- | | | | | | | |
| ३. | Sales Associate (Male) | 6 | 0 | | 150 | ६७,९५०।- | | | | | | | |
| ४. | Waiter | 9 | 0 | | 150 | ६७,९५०।- | | | | | | | |
| ५. | Waitress | 0 | 6 | | 150 | ६७,९५०।- | | | | | | | |

2. Al Khaled Plastic Industries Co. पुनः विज्ञापन, पूर्व स्वीकृती मिति: २०८१/१०/२३ चलानी नं.: ६०२३२४६९ LT No.: 318248

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Bag Cutting Machine Operator | 10 | 0 | काममा दक्ष | 190 | ८६,०००।- | कम्पनी नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियमानुसार | छ | | २ वर्ष |
| २. | Extruder Operator | 10 | 0 | | 190 | ८६,०००।- | | | | | | | |
| ३. | Factory Labor | 5 | 0 | | 110 | ४९,८३०।- | | | | | | | |
| ४. | Labour | 27 | 0 | | 100 | ४५,३००।- | | | | | | | |
| ५. | Loom Operator | 10 | 0 | | 190 | ८६,०००।- | | | | | | | |
| ६. | Office Admin | 0 | 2 | | 200 | ९०,६००।- | | | | | | | |
| ७. | Printing Operator | 10 | 0 | | 190 | ८६,०००।- | | | | | | | |
| ८. | Quality Officer | 7 | 0 | | 200 | ९०,६००।- | | | | | | | |

अन्तरवार्ता २०८२ साउन १९ गते (4 Aug., 2025) यस प्रा. लि. को कार्यालय सामाखुसी काठमाडौंमा हुनेछ ।

R. B. OVERSEAS PVT. LTD. Lic No. 772/065/066
Samakhushi, Kathmandu, Tel.: 01-4971215, 4971043, 9801039446, 98010447
9802332363, 9802332364 Email : rboverseasnepal@gmail.com



कर्मचारी आवश्यकता

यस मेनपावर कम्पनीका लागि निम्न कर्मचारी आवश्यक भएको हुँदा दक्ष व्यक्तिले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क राख्नुहोला ।

- Public Relation Officer (PRO) - 4 Male/Female

कम्तीमा + 2 Passed, अंग्रेजी राम्रोसँग बोल्न र लेख्न सक्ने ।
सम्बन्धित क्षेत्रमा अनुभवी, कम्प्युटरको ज्ञान भएको हुनुपर्नेछ ।

तलब आपसी सम्झदारीमा हुनेछ ।

शुभ हारती म्यानपावर प्रा. लि.
बालाजु चोक, काठमाडौं, नेपाल । श्रम इजाजत नं.: ६०३/०६२/०६३
फोन नं.: ००९७७-१-४९८७६२४, ४९८७७४६, ४९८७७४८, मोबाइल नं.: ९८०२०८२१८२



सूचना! सूचना!! सूचना !!!

प्रकाशित मितिः २०८२/०४/१२

यस उद्योगले उत्पादन गरेको विभिन्न सामाग्रीहरु आ.व.८२/८३ को असार मसान्त सम्मको लागि अधिकतम मुल्य तपशिल बमोजिम गरिएको व्यहोरा जानकारी गराईन्छ ।

| Discription | Unit | Qty | Rate |
|---|---|---|---|
| Supply of Bed with Head Board structure made of 30mm x 75mm WPC Frame and 12mm th. Tirmite & Water Proof PVC.55gm/cm3 Grade Board or equal with one side printed & UV Coated and another side1mm th. Century laminated finish along with 1 mm th. Edge band finish and Top base with 12mm th. Tirmite & Water Proof PVC . 80gm/cm3 Grade Board. | Sqft | 1 | 3,500 |
| Supply and installation of Nursing Station Table Counter with drawers and Sutter on both end side with branded ss lock using 18mm th. Tirmite & Water Proof PVC .55gm/cm3 Grade Board or equal with one side ie. Inside UV Coated and out Side 1mm th. Century laminate finish along with 1 mm th. edge band finish all complete as per design, drawings, specification and instruction of designer. | Sqft | 1 | 3,500 |
| Supply and installation of Medicine Rack using 12mm th. Tirmite & Water Proof PVC .55gm/cm3 Grade Board or equal along with Sutter Pannel made of 30mm thick x 75mm width WPC window pannel framing with 5mm th. Glass with 1mm th. edge band finish all complete as per design, drawings, specification and instruction of designer. | Sqft | 1 | 6,000 |
| Supply and installation of Fixed Window Mosquito net outside of building using 12mm th. Tirmite & Water Proof PVC .55gm/cm3 Grade Board or equal appling PVC Mosquito net. | Sqft | 1 | 300 |
| Semi Table with one drawer and one sutter made with 18 mm & 12 mm th. UV Printed PVC/WPC Foam Board of .55g/cm3 density and one side 1mm th. Formica along with direct screwing and all branded hardwear Finishing. | Sqft | 1 | 3,000 |
| Computer Table Size with one Key Board drawer,one drawer and one sutter made with 18 mm & 12 mm th. UV Printed PVC/WPC Foam Board of .55g/cm3 density and one side 1mm th. Formica along with direct screwing and all branded hardwear Finishing. | Sqft | 1 | 3,000 |
| L- Table with one Key Board drawer on side table and one drawer and one sutter on main table made with 18 mm & 12 mm th. UV Printed PVC/WPC Foam Board of .55g/cm3 density and one side 1mm th. Formica along with direct screwing and all branded hardwear Finishing. | Sqft | 1 | 3,000 |
| Executive L- Table with open cabinate on side table and two drawer seprate cabinate moveable made with 18 mm & 12 mm th. UV Printed PVC/WPC Foam Board of .55g/cm3 density and one side 1mm th. Formica along with direct screwing and all branded hardwear Finishing. | Sqft | 1 | 3,500 |
| T- Table Size made with 18 mm & 12 mm th. UV Printed PVC/WPC Foam Board of .55g/cm3 density and one side 1mm th. Formica along with direct screwing and all branded hardwear Finishing | Sqft | 1 | 2,500 |
| Meeting - Table made with 18 mm & 12 mm th. UV Printed PVC/WPC Foam Board of .55g/cm3 density and one side 1mm th. Formica along with direct screwing and all branded hardwear Finishing. | Sqft | 1 | 3,000 |
| Store open Reck Size made with 18 mm & 12 mm th. UV Printed PVC/WPC Foam Board of .55g/cm3 density and one side 1mm th. Formica along with direct screwing and all branded hardwear Finishing. | Sqft | 1 | 2,000 |
| File Cabinate Wardrobe made with 18 mm & 12 mm th. UV Printed PVC/WPC Foam Board of .55g/cm3 density and one side 1mm th. Formica along with direct screwing and all branded hardwear Finishing. | Sqft | 1 | 2,500 |
| Supplying of 3 seater sofa Size 60"x26"made of 12mm th. Tirmite & Water Proof PVC .80gm/cm3 Grade Board structure frame with all fabric @ 500/mtr, foam 4" th. with 50 density seat and 2" th. with 40 density at back. | PC | 1 | 42,000 |
| Supplying of 2 seater sofa Size 40"x26"made of 12mm th. Tirmite & Water Proof PVC .80gm/cm3 Grade Board structure frame with all fabric @ 500/mtr, foam 4" th. with 50 density seat and 2" th. with 40 density at back. | PC | 1 | 30,000 |
| Casement Window Size (4'x5')of 4pcs Sutter Made of PVC/WPC Foam Frame 50mm x75mm th. and 30mm x 75mm th. sutter Material having density of .90g/cm3 with 5mm th. Clear glass. along with direct screwing and all branded hardwear Finishing | Set | 1 | 27,500 |
| Casement double edge Window Size (4'x5') of 8 pcs Sutter 4 pcs with mosquito net and 4 pcs with 5mm th. Clear glass Made of PVC/WPC Foam Frame 50mm x75mm th. and 30mm x 75mm th. sutter Material having density of .90g/cm3 with direct screwing and all branded hardwear Finishing. | Set | 1 | 40,000 |
| Door Frame with Door: Door frame made of PVC/WPC Foam Framewith diemention 63 mm x 100 mm th. having density of .90g/cm3 and structure size 84" x 36" with 32mm th PVC/WPC Foam Board door having density of .60g/cm3 with single colour printing and UV coated OSL Finished with Complet installation and all branded hardwear Finishing. | Set | 1 | 25,000 |
| Door Frame with Door: Door frame made of PVC/WPC Foam Framewith diemention 50mm x 100 mm th. having density of .90g/cm3 and structure size 84" x 36" with 25mm th PVC/WPC Foam Board door having density of .60g/cm3 with single colour printing and UV coated OSL Finished with Complet installation and all branded hardwear Finishing. | Set | 1 | 20,000 |

वन्डर मेटरियल्स प्रा.लि.
खनार इटहरी-१३

## सम्पादकीय

# अदालतको आदेश पालना होस्

लोकतान्त्रिक शासन व्यवस्थामा राज्यशक्तिलाई कार्यपालिका व्यवस्थापिका र न्यायपालिकाबीच स्पष्ट विभाजन गरिन्छ । यी तीनवटै अंगले आफ्नो क्षेत्राधिकारमा रहेर काम गर्दा 'चेक एन्ड ब्यालेन्स' गरिरहेका हुन्छन् । यदि एउटा अंगको निर्णय अर्को अंगले मानेन भने के होला ! शक्ति पृथकीकरणको सिद्धान्तसँग जोडिएको 'चेक एन्ड ब्यालेन्स'को अवस्था नेपालमा कतिपय विषय र प्रसंगमा मिलिरहेको छैन । एउटा उदाहरण हो- निर्वाचनमा 'नो भोट'को प्रावधान र विदेशमा रहेका नेपालीलाई बसेकै ठाउँबाट मताधिकार दिनेसम्बन्धी कानुन बनाउन सरकारलाई सर्वोच्च अदालतले दिएको आदेशको कार्यान्वयन । नो भोट भनेको निर्वाचनमा खडा भएका उम्मेदवारमध्ये 'कसैलाई पनि मत दिन्नँ' भनेर मतदाताले प्रकट गर्ने अधिकार हो । सर्वोच्च अदालतले यस विषयमा कानुन बनाउन कार्यापालिकालाई आदेश दिएको १२ वर्ष भयो । तर, कार्यान्वयन हुन सकेको छैन ।

नेपालमा नो भोटको माग पहिलो संविधान सभा (२०६४ साल)मै भएको थियो । तत्कालीन सरकार तयार नहुँदा पहिलो संविधान सभा र दोस्रो संविधान सभा दुवैमा नो भोटको प्रावधान लागू हुन सकेन । दोस्रो संविधान सभाले संविधान बनाउँदै गर्दा नो भोटको प्रावधानसम्बन्धी कानुन माग गर्दै सर्वोच्च अदालतमा निवेदन पर्‍यो । २१ पुस २०७० मा उक्त निवेदनमाथि सुनुवाइ गर्दै तत्कालीन न्यायाधीश कल्याण श्रेष्ठ र प्रकाश वस्तीको संयुक्त इजलासले निर्वाचनमा नो भोटको व्यवस्था गर्न आदेश दियो । अदालतको आदेश सरकारले कार्यान्वयन गरेर कानुन बनाएको थियो भने २०७४ र २०७९ को चुनावमै नो भोटको प्रावधान लागू हुन सक्थ्यो । विदेशमा रहेका नेपालीले पनि आफू बसेकै ठाउँमा रहेर मतदान गर्न पाउँथे । विडम्बना अझै यससम्बन्धी कानुन बनाउने सन्दर्भमा दतारूकता देखिँदैन ।

अदालतको आदेश कार्यान्वयनमा सरकार जिम्मेवार नरहेको दृष्टान्त सरकारकै व्यवहारले पुष्टि गर्छ । निर्वाचन व्यवस्थापन विधेयक दुई वर्षदेखि गृह मन्त्रालयमा अलपत्र पर्नु नै यसको बलियो प्रमाण हो । १८ असार २०८० मा निर्वाचन आयोगले विधेयकको मस्यौदा गृह मन्त्रालयमा पठाएको थियो । तर, १३ महिनासम्म निर्वाचनसम्बन्धी विधेयक अगाडि नबढाउनुले फेरि पनि २०८४ को चुनावमा नो भोटको प्रावधान लागू हुने र विदेशमा रहेका नेपालीले विदेशबाटै मतदान गर्न पाउने सम्भावना न्यून देखिन्छ । कानुन बनाउने अधिकार व्यवस्थापिका संसद्लाई रहे पनि विधेयकको मस्यौदा भने सरकारले ल्याउने व्यवहारिक अभ्यास छ । यदि नो भोट र विदेशमा रहेका नेपालीलाई मतदानको अधिकार नदिने भए सरकारले प्रस्ट भन्न सक्नुपर्छ । होइन भने अदालतको आदेश पालना गर्नुपर्छ । अन्यथा, कानुनको शासनको सट्टा स्वेच्छाचारिता हावी भई राज्यमा अराजकता बढ्न सक्दछ ।

# मधेशमा गहिरिँदो जल संकट

*एकातिर बढ्दो तापक्रमका कारण मधेश प्रदेश खडेरीले त्राहिमाम् अवस्थामा छ भने अर्कोतिर हिमाली भेगमा पनि हिउँ पग्लिने क्रम बढ्दो छ, जसले गर्दा नेपाल सबैभन्दा बढी जोखिमतर्फ उन्मुख रहेको देखाउँछ...*

अग्रलेख



● राजेश झा

सप्तरीको अग्निसाइर कृष्णासवरण गाउँपालिका-४ टेङ्ग्री बस्ने ७० वर्षीय उर्मिलादेवी यादवको गत साउन ३ गते विद्युतीय मोटर चलाएर खेतमा पानी लगाउन खोज्दा करेन्ट लागेर मृत्यु भयो । घरभन्दा एक किलोमिटर उत्तरतर्फ रहेको आफ्नै खेतमा सिँचाइका लागि जडान भएको विद्युतीय मोटरबाट करेन्ट लागेर घाइते भएकी यादवलाई उपचारका लागि राजविराज लैजाँदै गर्दा उनको बाटोमै मृत्यु भएको थियो । यस्तै, रौतहट जिल्लाको माधवनारायण नगरपालिका-४ विसुनपूर्वा मानपुरका ४० वर्षीय रामबाबु मुखियाको विद्युतीय मोटरबाट सिँचाइ गर्न खोज्दा करेन्ट लागेर मृत्यु भयो । उर्मिलादेवी र रामबाबु मात्रै होइन, धान खेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेर कटहरीया नगरपालिका-२ जमुनियाका ४२ वर्षीय मोक्ता देवानको गत ६ साउनमा राति करेन्ट लागेर मृत्यु भयो । असार २४ गते राति खेतमा सिँचाइ गर्ने क्रममा करेन्ट लागेर धनुषाको मिथिला बिहारी नगरपालिका-९ का ४१ वर्षीय दिनेश यादवको पनि मृत्यु भएको थियो । आफ्नै धान खेतमा पानी सिँचाइ गर्ने क्रममा विद्युतीय मोटरबाट करेन्ट अहिले किसानहरूले ज्यान गुमाइरहेका छन् ।

साउनको दोस्रो साता लाग्दासमेत मधेश प्रदेशमा खेतीको अवस्था दयनीय छ । असार र साउन महिनाको पहिलो सातासम्म पानी नपर्दा किसानले धान रोप्न सकेका छैनन् । खेती गर्न पर्याप्त पानीको आवश्यकता पर्ने भए पनि वर्षा नहुँदा रोपाइँ हुन सकिरहेको छैन । एकातिर रोपाइँ हुन सकिरहेको छैन भने अर्कोतिर सिँचाइको लागि जडान गरिएको विद्युतीय मोटरका कारण किसानले ज्यान गुमाइरहेका छन् । मोटरबाटै भए पनि सिँचाइ गरेर रोपाई गर्ने मनसायमा दिनरात खटिरहेका किसान अकालमै ज्यान गुमाइरहेका छन् । मधेशलाई अन्नको भण्डार भनिन्छ । तर, अन्नको भण्डार मधेश प्रदेश यतिखेर सुख्खाग्रस्त छ । पर्याप्त वर्षा नहुँदा खडेरीले रोपाई हुन सकेको छैन । खडेरी भएपछि मधेश प्रदेश सरकारले असार २६ गते सुख्खाग्रस्त क्षेत्र घोषणा गरेको थियो । मधेश प्रदेशले सुख्खाग्रस्त क्षेत्र घोषणा गरेसँगै केन्द्र सरकारले पनि साउन ७ गते मन्त्रिपरिषद्को आकस्मिक बैठकबाट मधेश प्रदेशलाई विपद् संकटग्रस्त क्षेत्र घोषणा गरेको थियो । विपद् संकटग्रस्त क्षेत्र घोषणा गरिएपछिको क्रियाकलापहरू के-कस्ता सञ्चालन हुनेछन् भनी हेर्न बाँकी नै छ । तर, यतिबेला मधेश प्रदेश जल संकटबाट गुज्रिरहेको अवस्था छ ।

वर्षा नहुँदा धानको रोपाइँ मात्रै रोकिएको छैन, खानेपानीको स्रोतहरू पनि सुकेको छ । मधेशका अधिकांश भागको खानेपानीको स्रोत खासगरी (ट्युबेल) सुकेको अवस्था छ । असार महिना खासगरी अत्यधिक वर्षा र सोको कारण आउने बाढीले गर्दा सप्तरी देशभरमै चर्चित हुने गरेको अवस्था थियो । तर, पछिल्लो केही वर्षदेखि असार महिनामा खासै वर्षा नहुने गरेको अवस्था छ । सामान्यतयाः जेठ मसान्तमा भित्रिने गरेको मनसुन यस वर्ष जेठ १८ गते नै पूर्वी नेपालबाट भित्रिए पनि सप्तरी मात्र हैन मधेश प्रदेश नै वर्षाको अभावमा खडेरीको सामना गरिरहेको छ । यस वर्ष औसतभन्दा बढी वर्षा र अत्यधिक गर्मी हुने जल तथा मौसम विज्ञान विभागले आकलन मधेश प्रदेशको लागि गलत साबित भएको छ । वर्षा नहुँदा गर्मी भने अत्यधिक बढेको छ । बिहानैदेखि अत्यधिक गर्मीका कारण जनजीवन कष्टप्रद भएको छ । कार्बन उत्सर्जन बढिरहेको कारण विश्वको तापमान तीव्र गतिमा बढिरहेको छ । जलवायु परिवर्तनको अवस्था अहिले विश्वव्यापीरूपमा पहिलो खतराको रूपमा देखापरेको छ । जलवायु परिवर्तनबाट हुने असरको हिसाबले नेपाल अति प्रभावित मुलुकहरूमध्ये चौथो स्थानमा रहेको छ । जुन सर्वोच्च जोखिमपूर्ण अवस्था हो । बाढी, पहिरो तथा भुकम्प जस्ता प्राकृतिक प्रकोपहरूबाट नेपाल उच्च जोखिममा छ । भूकम्पको जोखिमको हिसाबले नेपाल ११औं स्थानमा रहेको छ भने मिश्रित विपदहरूको जोखिमका सन्दर्भमा १६औं स्थानमा रहेको छ ।

जलवायु परिवर्तनको दृष्टिकोणले चौथो स्थानमा रहनु भनेको हाम्रो मुलुक सर्वोच्च जोखिम रहनु हो । एकातिर जलवायु परिवर्तनका असरहरूबाट पनि उच्च जोखिममा रहेको छ भने अर्कोतिर तापक्रम समेत बढ्दै गएको अवस्था छ । जलवायु परिवर्तनका कारण मधेश प्रदेशले खडेरीको सामना खेप्नुपरिरहेको अवस्था छ । सुख्खापनका कारण समुदायको जनजीवन र कृषि उत्पादनमा प्रतिकुल असर परिरहेको छ । जलवायु



*वर्षा नहुँदा मधेशमा धानको रोपाइँ मात्रै रोकिएको छैन, खानेपानीको स्रोतहरू पनि सुकेको छ । सँगै, वर्षा नहुँदा गर्मी पनि अत्यधिक बढेको छ । अत्यधिक गर्मीका कारण जनजीवन निकै नै कष्टप्रद भएको छ । एकातिर खानेपानीकै अभाव, अर्कोतर्फ अत्यधिक गर्मी, सँगै खेती नै गर्न नपाउने अवस्थाले मधेशको संकट कस्तो छ भन्ने प्रस्ट्याउँछ...*

परिवर्तनले सबै क्षेत्रमा असर पार्ने भएता पनि अहिलेको अवस्थामा कृषि क्षेत्र आक्रान्त छ । बढ्दो तापक्रमका कारण एकातिर पानीको स्रोतहरू सुकिसकेको अवस्था छ भने अर्कोतिर कृषि क्षेत्र धराशायी बन्दै गएको छ । एक त कृषि कर्ममा जनशक्तिको अभाव छँदैछ, त्यसमाथि समयमा वर्षा नहुँदा खेती नै प्रभावित भएको छ । एकातिर बढ्दो तापक्रमका कारण मधेश प्रदेश खडेरीको कारण त्राहिमाम् अवस्थामा छ भने अर्कोतिर हिमाली भेगमा पनि हिउँ पग्लिने क्रम बढ्दो छ, जसले गर्दा नेपाल सबैभन्दा बढी जोखिमतर्फ उन्मुख रहेको देखाउँछ । हिमनदीहरूको क्षेत्रफल पछिल्लो ३० वर्षमा २४ प्रतिशतले घटेको अन्तर्राष्ट्रिय एकीकृत पर्वतीय विकास केन्द्र(ईसिमोड)को अध्ययनले देखाएको छ । विश्वव्यापी जलवायुसम्बन्धी पेरिस सम्झौताबमोजिम सबै देशले तापक्रम वृद्धिलाई नियन्त्रण गरेर डेढ डिग्रीमा सीमित गर्दा पनि त्यसको असर हिमाली क्षेत्रमा डरलाग्दो पर्ने जलवायु परिवर्तनका जानकारहरू बताउँछन् । अहिले नै विश्व तापक्रम १ दशमलव १ डिग्रीले बढिसक्यो । त्यसलाई १ दशमलव ५ डिग्रीमा सीमित पार्दा पनि हाम्रो हिमाली क्षेत्रको एक तिहाइ हिउँ पग्लिने सम्भावना अध्ययनले देखाएको छ । पेरिस सम्झौताअनुसार पृथ्वीको तापक्रम १ दशमलव ५ डिग्री सेल्सियसमा सीमित राख्ने भनिएको छ । तर, विगत २० वर्ष मै पृथ्वीको तापक्रम १ दशमलव १ डिग्री सेल्सियसले बढेको तथ्यले झस्काएको अवस्था छ । पृथ्वीमा बढ्दो तापक्रमको कारण एकातिर हिमनदी, तालहरूको सतह हिउँ पग्लिदा बढ्दै गएको छ भने अर्कोतिर मधेश प्रदेश सुख्खाग्रस्त भएको छ । हिमतालहरू विस्फोट हुँदा त्यसको प्रत्यक्ष मार पनि नदी क्षेत्रमा रहेका जिल्ला तथा पालिकाहरुले खेप्नुपर्ने अवस्था आउन सक्ने सम्भावना छ । हिमताल फुट्यो भने ठूला नदीमा अत्यधिक बाढी आउन सक्ने खतरा भने कायमै छ ।

अहिले वीरगन्जलगायतको प्रमुख सहरहरूमा मधेश प्रदेश सरकारले ट्यांकर र वारुणयन्त्रबाट पानीको आपूर्ति गरिरहेको अवस्था छ । खानेपानीको स्रोतहरू सुक्दा वीरगन्जलगायतको सहरहरूमा पानीको संकट उत्पन्न भएको छ । २/४ दिन ट्यांकरबाट पानी आपूर्ति गर्दैमा जल संकट टर्नेवाला छैन । कम्तीमा ३ घण्टासम्म लगातार मुसलधारे वर्षा नभए जल संकट ज्युँको त्युँ रहनेमा कुनै दुई मत छैन । जबसम्म जमिनमुनिको पानीको सतह बढ्दैन, तबसम्म खानेपानीको हाहाकार रहने नै छ । खानेपानी संस्थानले आपूर्ति गर्ने पानी पनि जमिनमुनिकै स्रोतबाट निकालिरहेको अवस्था छ । त्यो स्रोत पनि वर्षाकै कारण रिचार्ज हुने गरेको छ । अझै पनि वर्षा नभए त्यो स्रोत पनि नसुक्ला भन्न सकिन्न ।

अहिलेको विकास मोडेलका कारण समेत जमिनमुनिको पानीको सतह रिचार्ज हुन सकिरहेको छैन । सबैतिर ढलान भइरहेको कारण जमिनले पानी सोस्न सकिरहेको छैन । सडक ढलान हुँदा हुँदै घर आँगन तथा नालासमेत ढलान हुने गरेकाले जमिनमुनिको पानी रिचार्ज हुन सकिरहेको छैन । हामीले अपनाइरहेको विकास मोडेल परिवर्तन गर्नु जरुरी छ । हाम्रो विकास मोडेलले गर्दा पनि जलवायु परिवर्तनमा प्रभाव पारिरहेको छ । जलवायु परिवर्तनको असर १/२ वर्षमा देखिने होइन, यसको असर २०औं वर्षपछि देखिन्छ । अहिलेको जल संकटको अवस्था निम्तिनुमा जलवायु परिवर्तनको महत्वपूर्ण योगदान रहेको छ । हामीले जमिनमुनिबाट पानी तान्ने काम मात्र गर्‍यौं, त्यसलाई पुनर्भरन गर्ने कार्य गरेनौं । जसले गर्दा जमिनमुनिको पानीको सतह घट्दै अहिलेको अवस्था उत्पन्न भएको हो । अबको दिनमा ट्यूबेल नजिक बोरिङ्ग गरी पानी रिचार्ज गर्ने व्यवस्था हरेक घरले गर्नु जरुरी छ । ट्यूबेल, भान्साघर तथा बाथरुमबाट बग्ने पानीलाई ढलान गरिएको नालामा नबगाई आफ्नै जमिनमा जमिनमुनि पठाउन सकियो भने त्यसबाट जमिनमुनिको पानीको सतह रिचार्ज हुनलाई सजिलो हुन्छ । नाला बनाउँदा हरेक १० फिटपछि कम्तीमा ३ फिट ठाउँ छोडेर ढलान गर्नुपर्छ र छोडेको ठाउँमा जाली लगाएर जमिनलाई पानी सोस्ने ठाउँ बनाइदिनु आवश्यक छ । सतहको पानी रिचार्ज हुनुमा प्रमुख योगदान दिने जीर्ण अवस्थामा रहेका पोखरी तथा इनारहरूको जीर्णोद्धार गर्नु अति आवश्यक छ । पोखरी तथा इनारहरू जमिनमुनिको पानी रिचार्ज हुने प्रमुख माध्यम हुन् । जमिनमुनिको पानीको सतहलाई रिचार्ज गर्न आजैबाट पहल भएन भने आगामी दिनमा पानीकै कारण मारकाट हुने अवस्था उत्पन्न नहोला भन्न सकिँदैन ।

तसर्थ, हरेक घरधनीले आफ्नो ट्यूबेल, भान्सा तथा बाथरुमबाट निस्किने पानीलाई जमिनमुनि पुर्‍याई रिचार्ज हुने व्यवस्था मिलाउनु जरुरी छ । स्वच्छ तथा सुरक्षित खानेपानी पुर्‍याउनु स्थानीय तहहरूको कर्तव्य र दायित्वभित्र पर्दछ । स्थानीय तहहरूले पनि विकास चरणहरूमा जमिनमुनिको पानी रिचार्ज हुने लगायतको व्यवस्थापन गर्नु जरुरी छ । रिचार्ज पोखरीहरू, संरक्षण पोखरीहरूको निर्माण, वृक्षारोपणलाई अभियानको रूपमा अगाडि बढाउने कार्यहरू गर्नु आवश्यक छ । चुरे क्षेत्रमा प्रकृतिमा आधारित समाधानका उपायहरू अपनाउनु, चेक ड्यामहरू निर्माण गर्नु, पानी संरक्षणका उपायहरू अपनाउनु चुरे क्षेत्रका स्थानीय तहहरूले गर्नु आवश्यक छ । यसका लागि स्थानीय तहहरू मात्रै होइन की हरेक नागरिक यसतर्फ जिम्मेवार र इमानदार भई आजैबाट कदम चाल्नु जरुरी छ ।

## इतिहासमा आज

२८ जुलाई २०१० मा एयरब्लू फ्लाइट २०२ पाकिस्तानको इस्लामाबादको उत्तरमा रहेको मार्गला पहाडमा दुर्घटनाग्रस्त भयो । जुन दुर्घटनामा विमानमा सवार सबै १५२ जनाको मृत्यु भएको थियो । यसलाई पाकिस्तानको इतिहासको सबैभन्दा घातक दुर्घटनाको रूपमा लिइन्छ ।



२८ जुलाई २००५ मा अस्थायी आयरिश रिपब्लिकन आर्मीले उत्तरी आयरल्याण्डमा ब्रिटिश शासनविरूद्धको आफ्नो ३० वर्ष लामो सशस्त्र अभियानको अन्त्यको घोषणा गरेको थियो ।



२८ जुलाई २०१७ मा नवाज शरीफलाई भ्रष्टाचारको आरोपमा दोषी ठहर गर्दै पाकिस्तानको सर्वोच्च अदालतले आजीवन पदबाट अयोग्य घोषित गरेको थियो ।



२८ जुलाई २०२२ मा विनाशकारी बाढीले अमेरिकाको पूर्वी केन्टकीलाई तहसनहस पारेको थियो । जुन घटनामा ४५ जनाको मृत्यु भएको थियो भने हजारौं घरमा क्षति भएको थियो ।



# मधेशको संकटलाई कसरी समाधान गर्ने ?

विचार



● कौशल गोपालवंशी

*तराई मधेश क्षेत्रको पानीको स्रोतको बारेमा चुरे क्षेत्र नबुझेमा यो केवल एक पौराणिक कथा मात्र हुने छ । जबसम्म चुरे क्षेत्रको संरक्षण हुँदैन, जबसम्म चुरेलाई आफ्नै प्राकृतिक लयमा जान दिइँदैन, तबसम्म मधेशको संकट समाधान हुँदैन । तर, अहिले भूमि सम्बन्धी विधेयकमा अल्झिएको देख्दा राजनीतिक नेतृत्व समाधानको दिशातर्फ उन्मुख भएको पाइन्न...*

मधेशलाई केन्द्र सरकारले संकटग्रस्त क्षेत्र घोषणा गर्‍यो । हुन पनि मधेश निकै संकटमा छ । जहाँ साउन दोस्रो साता लाग्दासमेत रोपाइँ हुन सकेको छैन । सँगै, बढ्दो गर्मी र पानीका स्रोतहरू सुक्दा अवस्था निकै भयाभह बन्दै छ । जल संकटका कारण समग्र मधेशमा १० प्रतिशत पनि रोपाइँ हुन सकेको छैन । यहीबिच प्रधानमन्त्री केपी शर्मा ओलीले ५ सय डिप बोरिङ गरेर मधेशमा पानीको समस्या समाधान गर्न सकिने बताउनु भएको छ । के प्रधानमन्त्रीले भने जस्तै मधेशमा जल संकटको समाधान गर्न सकिएला ? यस लेखमा मधेशमा गहिरिँदो जल संकट र त्यसको समाधानबारे चर्चा गरिएको छ ।

तराई मधेश क्षेत्रको पानीको स्रोतको बारेमा बुझ्नको लागि चुरे क्षेत्र नबुझी यो केवल एक पौराणिक कथा मात्र हुने छ । चुरे तराईको रिचार्ज जोन हो भन्ने तथ्य सबैलाई अवगत नै छ । जहाँ जमिनमुनिको पानीको तहको मुख्य स्रोत नै चुरे क्षेत्र रहेको छ । चुरे क्षेत्र सतहमा परेको पानीले सजिलै फिल्टर भई अन्डरग्राउण्डमार्फत मधेशको जमिन मुनिको तहमा पुग्दछ । यो पानी यसरी नै बगेर भएर भारतको बिहारमा रहेका मुख्य नदीहरूमा पनि मिल्न पुग्छ । मधेशमा हुने पानीको प्राकृतिक स्रोत नै यही हो । त्यसैले मधेशको पानीको स्रोत जोगाउनको लागि चुरे संरक्षण नगरी नहुने देखिन्छ । गर्मीयाममा मधेशको कल सुक्नु भनेको रिचार्ज जोनबाट तह रिचार्ज नहुनु हो ।

यतिबेला चुरे धेरै क्षेत्रमा भएका स्थानीय सरकारको मुख्य आय भनेको जंगलको फडानी, खोलानालाका स्रोत र साधनको मनमौजी उत्खनन तथा निकासी नै रहेको छ । तसर्थ, चुरे दोहन रोक्नको लागि स्थानीय सरकारमाथि हस्तक्षेपको आवश्यकता रहेको छ । अहिलेसम्म कुनै स्थानीय सरकारले ग्रिन भिलेज बनाउने योजना लागू गरेको देखिन्न । खाली कंक्रिटको ढलान सडक, त्यो पनि बिन इन्जिनियरिङ, विचित्र छ मधेश । मधेशमा भएको बन जंगललाई फडानी गरेर जमिन हत्याउने प्रपञ्चमै व्यस्त छन् राजनीतिकर्मी । यो ठोस तथ्यको रूपमा अहिले विवादमा रहेको भूमि सम्बन्धी विधेयकलाई लिन सकिन्छ ।

अहिले मधेशमा देखिएको संकटलाई विभिन्न तरिकाले समाधान गर्न सकिने चर्चा सुनिन्छ । जसमा डिप ट्युबेलको प्रयोगको चर्चा सुनिन्छ । डिप ट्युबेलले पानी ल्याउने होइन, यसले भएको पानी तानेर बाहिर ल्याउने मात्र हो अर्थात् एकै पटक ८ जिल्लामा २ हजार डिपबोरिङ गरेर पानी तान्यो भने जमिनमुनि रहेको सबै सञ्चित सुक्नु नै हो । यो एक अस्थायी समाधान मात्र हो । हामी चुरे रिचार्ज जोनलाई सुरक्षित संरक्षण नगरी तराईबाट डिप ट्युबवेलले पानी मात्र तान्यो भने अगामी ५ वर्षमा नै मधेश/तराई मरुभूमि हुनेमा कुनै दुबिधा छैन ।

मधेशमा बढ्दै गइरहेको पानीको समस्यालाई नीतिगत, वैज्ञानिक माध्यमले विभिन्न चरणहरूलाई अनुसरण गरेर मात्रै समाधान गर्न सकिन्छ । यसको लागि केही उपायहरूलाई एकै पटक लागु गरेर समाधान गर्न सकिन्छ । जसमा वृक्षारोपणको अभियान चलाउने, पूर्व पश्चिम राजमार्गमा रहेको बस्तीमा रहेको जथाभावी डिप बोरिङलाई बन्द गर्ने, चुरेसहित तराई/मधेश क्षेत्रमा रिचार्ज जोनको निर्माण गर्नेलगायत छन् । साथै, कोशी, गण्डकी र कर्णाली नदीमा ड्याम बनाएर पूर्व-पश्चिम राजमार्गमा रहेको बस्तीमा पानी वितरण गर्ने तथा राजमार्गमा रहेको खहरे खोलालाई प्राकृतिक नहर बनाई डाउन स्ट्रीममा सिचाइ गर्ने योजना पनि आवश्यक छ । यसरी गर्दा कम खर्चमा सबै गाउँमा खोलालाई नहरको रूपमा प्रयोग गरी सिचाइलगायत पानीको तहलाई रिचार्ज पनि गर्न सकिनेछ । अस्थायी समाधानको लागि डिप बोरिङभन्दा 'क्लाउड सिडिङ्ग' गर्दा हामीले जमिनमुनिको सञ्चित पानीलाई भविष्यको लागि सुरक्षित राखी आकाशको पानी प्रयोग गर्दा राम्रो हुन्छ ।


## सामाजिक सञ्जाल




**निर्मल प्रसाईं**

तराईमा सुक्खा परेको छ । किसानको आँत मरेको छ । हेलिकप्टर भिजिटले पानी रसाउँदैन । नहर कागजमा मात्रै खनेको छ । आकाशले सधैँ पानी खसाउँदैन। सिँचाइको पैसा राष्ट्रघातीको गोजीमा पुगेको छ । किसानलाई ज्यूँदै मारेको छ । हजारौं नेता पालेको छ ।

सहकारी काण्डका नाइके जीबी राईलाई नसमातेर, जीबी राईको पापको भारी रवि लामिछानेलाई बोकाउने काम जति सम्म चलिरहन्छ र जतिसम्म उनलाई जेलमा राखिन्छ, राष्ट्रिय स्वतन्त्र पार्टीको ग्राफ त्यति नै माथि जान्छ । इतिहास फर्केर हेर्नु ।



**युवराज लामा**



**कमल भट्टराई**

दुवै सदनबाट पारित भएको शितलनिवासले प्रमाणीकरण नगरेर संवैधानिक विधेयक फिर्ता आउनु चेक अफ ब्यालेन्स हो कि मिस यूज अफ पावर हो ? संसारकै जलस्रोतको धनी देश तराईमा पानीको हाहाकार हुनु व्यवस्था फेल हो कि शासक हरूको नालायकीपन ? एउटालाई मात्र थुनेर सबै ठगहरूलाई उन्मुक्ति न्यायालयको हुर्मत किन ?

कृषि प्रधान भन्ने देशमा विगत दुई दशक जति पुरै शक्ति र स्रोत कृषि मास्न खर्च गरिएको छ। सिँचाइ सुविधा बढाउने भन्दा अनुत्पादक भ्यूटावर, स्वागत द्वार, डाँडा कोतार्ने, पर्या पर्यटनको नाममा सिमेन्टका थुप्रो ठड्याउनेमा खर्च गरिएको छ। सुख्खाले सताएपछि डिप बोरिङ खन्ने जाने ?



**उत्तम बाबु श्रेष्ठ**

# नबिल बैंक लिमिटेड, केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार काठमाडौंको गैह्र बैंकिङ सम्पत्ति लिलामबिक्री सम्बन्धी सूचना

**(प्रकाशित मिति: २०८२/०४/१२)**

यस बैंकको आफ्नो स्वामित्वमा रहेको तपसिलमा उल्लेखित **गैह्र बैंकिङ सम्पत्ति** जे जस्तो अवस्थामा छ सोही अवस्थामा बोलपत्रमार्फत बिक्री गरिने हुँदा सो सम्पत्ति खरिद गर्न इच्छुक व्यक्ति/फर्म/कम्पनी/संस्थाबाट निम्न लिखित शर्तहरुको अधिनमा रही आफूले के कति मूल्य तिरि लिन चाहेको हो सो मूल्य खोली यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस बैंकको केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौंमा शीलबन्दी बोलपत्र पेश गर्न हुन यो सूचना प्रकाशित आव्हान गरिएको छ ।

तपसिल

यस बैंकको नाममा दर्ता कायम रहेको गैह्र बैंकिङ सम्पत्तिको विवरण

| क्र.सं. | जिल्ला | न.पा/गा.वि.स | वडा नं. | कित्ता नं. | क्षेत्रफल |
|---|---|---|---|---|---|
| १. | सुर्खेत | जर्बुटा गा.वि.स, सुर्खेत एयरपोर्ट | ४ | ३२०३ | १-११-१७-१ विगाहा |
| २. | बर्दिया | वगनाहा गा.वि.स, सैनावार | ८ | ६५९ | ०-११-१९.७५ विगाहा |
| ३. | नुवाकोट | त्रिशुली गा.वि.स, राईसिंह | १ | १४४० र १५५३ | १०९.२९ र १८२.८० वर्ग मिटर |
| ४. | नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | प्रगतिनगर गा.वि.स, देवचुली | ३ग | ९७९, ९५३, ९७५ र ९७७ | क्रमशः ०-४-१३-०, ०-२-१८-०, ०-१-१५.५-० र ०-१-४-० विगाहा (घर समेत) |
| ५. | काठमाडौं | काठमाडौं म.न.पा | १० | ३७४ | ०-४-०-० रोपनी |
| ६. | काठमाडौं | काठमाडौं म.न.पा | १० | २, १६७, ६ र ३ | क्रमशः ०-२-२-१, ०-४-१-२, ०-८-०-० र ०-८-०-० रोपनी (घर समेत) |
| ७. | काठमाडौं | गागलफेदी गा.वि.स, सुवेदी गाउँ | ४ | ५१६ | १-९-३-० रोपनी |
| ८ | काठमाडौं | गोठाटार गा.वि.स., अमरसिंह चोक | ५ | ७५ | ०-९-०-० रोपनी |
| ९. | काठमाडौं | गोठाटार गा.वि.स., हरहर महादेव | ५ | ६१ | ०-१२-२-० रोपनी |
| १० | काठमाडौं | काठमाडौं म.न.पा, मैजुबहाल | ७ | ६४ | १-०-३-१ रोपनी(घर समेत) |
| ११ | झापा | पाराखोपी गा.वि.स, खुदनाबारी | ४ | ३८५४, ३८३७, ३८६९, ३८५३, ३८३६, ३८६८, ३८५२, ३८३५, ३८६७, ३८५१, ३८३४, ३८६६, ३८७५, ३८६०, ३८७६ | क्रमशः ०-०-१९.५-०, ०-१-०.२५-०, ०-१-१.५-०, ०-१-२.२५-०, ०-१-२.५-०, ०-१-३.५-०, ०-१-४.७५-०, ०-१-५.५-०, ०-१-६.२५-० , ०-१-७.५-०, ०-१-८.२५-०, ०-१-८.७५-०, ०-१-०-०, ०-१-०-०, ०-१-०-० विगाहा |
| १२ | दोलखा | चरीकोट गा.वि.स, मकैबारी | ५ | ८२५ | २९२५ वर्ग मिटर |
| १३ | ललितपुर | सैंबु गा.वि.स, भैसेपाटी | ३ | ३७५ | १-१५-०-० रोपनी (घर समेत) |
| १४ | काठमाडौं | काठमाडौं म.न.पा, छाउनी | १३ | १७४ | ६३८ वर्ग मिटर |
| १५ | सिराहा | लभटोली गा.वि.स, बन्दिपुर | ५ख | ३००, ३१८६ र ३१८७ | क्रमशः ०-०-६-०, ०-०-१७-०, र ०-०-६-० विगाहा |
| १६ | धनुषा | जनकपुर न.पा | १ | ६५ | ०-०-१५-१ विगाहा (घर समेत) |
| १७ | सप्तरी | राजविराज न.पा, कुनौली टोल | ८ | ९२/२ | ०-०-८ १/२ विटौरी (घर समेत) |
| १८. | सप्तरी | राजविराज न.पा | ६ | २९१३ | ०-०-१०.५-० विघा (घर समेत) |
| १९. | मोरङ | बयरवन गा.वि.स. | ६ घ | ३५२ | ०-५-१५-० विगाहा (घर समेत) |
| २०. | सुनसरी | खनार गा.वि.स. | ५ क | ७९९ र ९६९ | क्रमशः०-३-५-० र ०-१-५-० विगाहा (घर समेत) |
| २१. | मोरङ | तेतरीया गा.वि.स | ७ख | ४१२, ७७८, ७७९, ४०३, २८ र ७७२ | क्रमशः ०-९-८-०, ०-१०-०-०, ०-१०-०-०, १-१-५-०, ०-१८-१५-० र ०-१-१९-० विगाहा |
| २२. | भोजपुर | भोजपुर गा.वि.स, भोजपुर बसपार्क | ३ | १८११ | ०-५-३-० रोपनी |
| २३. | भोजपुर | भोजपुर गा.वि.स, देउराली | १ | ३३१ | १-१५-३-० रोपनी |
| २४. | भोजपुर | गुप्तेश्वर गा.वि.स, दावा | ६ | १८३, २६६ र २६७ | क्रमशः२-६-२-०, ४-११-०-३ र ९-१०-३-० रोपनी |
| २५. | पर्सा | मधुवन मथौल गा.वि.स सखवल टोल | १ | ४१४ | २-२-१५-० विगाहा |
| २६. | पर्सा | मधुवन मथौल गा.वि.स सखवल टोल | २ | ८० | ५-१६-०-० विगाहा |
| २७. | पर्सा | मधुवन मथौल गा.वि.स सखवल टोल | २ | ६४३ र ६४४ | क्रमशः०-३-१०-० र१-८-२-१२ विगाहा (घर समेत) |
| २८. | दार्चुला | खलंगा गा.वि.स., वांगा बगर | ५ | ३४५ | ०-४-१-२ रोपनी(घर समेत) |
| २९. | दार्चुला | खलंगा गा.वि.स., खलंगा बजार | ५ | १११९ | ०-५-०-० रोपनी(घर समेत) |
| ३०. | सुनसरी | धरान उ.म.न.पा., लोकपथ, धरान फुटसल | ८ | ८२० | ०-०-१५-० विगाहा(२५३.९४ वर्ग मिटर)(घर समेत) |
| ३१. | काठमाडौं | गोठाटार गा.वि.स/न.पा | ९ | ४५६ र ४६९ | ४२३.३८ र ९५६.६३ वर्ग मिटर |
| ३२. | काठमाडौं | सरस्वती गा.वि.स, भूतखेल टोखा | ६ | २४१, २३४ र २३६ | ५१.६०, १ र ४२.८० वर्ग मिटर (घर समेत) |
| ३३. | मोरङ्ग | बयरवन गा.वि.स. | ९ ष | १०४ र ६६८ | ०-११-०-० र ०-१६-०-० विगाहा |
| ३४. | काभ्रेपलाञ्चोक | नासिका स्थान साँगा गा.वि.स, पूल बजार, बनेपा | ६ | ११८१ | ०-६-१-० रोपनी (१९८.६९ वर्ग मिटर) (घर समेत) |
| ३५. | दोलखा | चरिकोट गा.वि.स. | २ | ४५९८ र ४६६० | क्रमशः १२६ र ७०० वर्ग मिटर |
| ३६. | दोलखा | चरिकोट गा.वि.स., पुष्पलाल चोक | २ | १२११, ६०३ र १५९ | ५४९५, १३०० र १४६० वर्ग मिटर |
| ३७. | बाँके | बाघेधरी गा.वि.स | ५ | २१७ र २८९ | क्रमशः ५१५ र ५६० वर्ग मिटर |
| ३८. | मकवानपुर | पदमपोखरी गा.वि.स. | ९ | २७३७ | ०-७-१६ विगाहा |
| ३९. | झापा | चन्द्रगढी गा.वि.स, दुर्गा मन्दिर | ५ | १६५० र २०९१ | क्रमशः ०-५-१८-० र ०-२-१६-० विगाहा |
| ४०. | झापा | गैरादह गा.वि.स, बेलडाँगी | १ | २५२३ र २५२५ | क्रमशः ३४९६.३८ र ६८६३ वर्ग मिटर |
| ४१. | मोरङ | लखान्तरी गा.वि.स, झोरहाट | २ | ४३, २२७, ४२ र १३८ | क्रमशः १००.००, १३७१.३५, १४७०.०० र ९५५ वर्ग मिटर (घर समेत) |
| ४२. | झापा | दमक न.पा, पश्चिम बस स्टेशन | १४ | १२ | ३७७.८८ वर्ग मिटर (घर समेत) |
| ४३. | मोरङ | मधुमल्ला गा.वि.स, किसान चोक | ९च | ११८१ र ११८२ | ०-२-०-० र ०-२-०-० विगाहा |
| ४४. | मोरङ | मधुमल्ला गा.वि.स, किसान चोक | ९च | २२८१ र २२३१ | ०-०-४-० र ०-०-१६-० विघा (घर समेत) |
| ४५. | सिरहा | असनपुर गा.वि.स, गोलबजार | ६क | २५८१ र २५८२ | ०-०-१०-० र ०-०-१५.७५-० विघा (घर समेत) |
| ४६. | सिरहा | असनपुर गा.वि.स | ६क | १००८ | ०-०-१०-० विघा (घर समेत) |
| ४७. | सप्तरी | राजविराज न.पा हिमालय टोल | ५क | १६८० | ०-०-१०-० विघा (घर समेत) |
| ४८. | सिरहा | असनपुर गा.वि.स, गोलबजार | १ख | १४६२, १४६३ र १४६६ | ०-०-११-०,०-०-११-० र ०-४-१०-० विघा |
| ४९. | झापा | गरामनी गा.वि.स | ७ | १०९६ | ०-१०-० विगाहा |
| ५०. | नुवाकोट | कल्यानपुर गा.वि.स, अजिंगरे | १ | २९,३०,३४ र १००६ | ४५१४.९८, २४४०.२९, ८३४.५९ र २७.८३ वर्ग मिटर |
| ५१. | रुपन्देही | सिद्धार्गनगर न.पा, डाँडाखोला बेलिहिया | १ | २८३, २८४, २४० र ६३३ | ०-१-५, ०-१-०, ०-१-० र ०-१-० विगाहा |
| ५२. | रुपन्देही | हाटिवनगाई गा.वि.स, शिव मन्दिर | ४क | ११२१ | १६९.३२ वर्ग मिटर |
| ५३. | रुपन्देही | हाटिवनगाई गा.वि.स, शिव मन्दिर | ४क | ११२८ | १६९.३२ वर्ग मिटर(घर समेत) |
| ५४. | रुपन्देही | बसन्तपुर गा.वि.स, पननि चोक | २ख | १०६१, ८९८, ५८, ९७३, ९७२, ५६२, ५६३, ४३, ७३१, ४८, ४९, ४० र ४२ | क्रमशः ०-०-५.५, ०-०-७.५, ०-१-२, ०-०-१९.५, ०-०-१९.५, ०-१-५, ०-१-५, ०-२-१, ०-१-०, ०-०-११, ०-१-२, ०-१-१९ विघा र २५३.९४ वर्ग मिटर |
| ५५. | रुपन्देही | बसन्तपुर गा.वि.स, पननि चोक | २ख | ५०, ५१, ७३२ र १२७९ | ०-०-०-११, , ०-०-७-०, ०-१-०-० र ०-४-२-० विघा |
| ५६. | रुपन्देही | बसन्तपुर गा.वि.स, पननि चोक | २ख | ८२३, ११११ र १११२ | क्रमशः ०-२-५, ०-१-१७.२५ र ०-१-८.५ विघा |
| ५७. | रुपन्देही | मधुवनी गा.वि.स लुम्बिनी पूर्व गेट | ६ | ७१३ र ७१४ | ०-३-७ र ०-१-१७ विघा |
| ५८. | रुपन्देही | धकधई गा.वि.स, धकधई रोड | ३ | १५९, १४४ र १४५ | ०-१-१६, ०-१-१४ र ०-१-१० विघा |
| ५९. | रुपन्देही | हाटिवनगाई गा.वि.स, बससितौला | ७ | १५७० र १२८९ | ०-०-६ र ०-२-११ विघा |
| ६०. | रुपन्देही | बसन्तपुर गा.वि.स, पनानी चोक | २ | ७५१ | ०-१-८ विघा |
| ६१. | रुपन्देही | बसन्तपुर गा.वि.स पनानी चोक | २ | ७३५ | ०-०-८ विघा |
| ६२. | रुपन्देही | बसन्तपुर गा.वि.स, बालपुर | २ | ७३१ | ०-१-७ विघा (घर समेत) |
| ६३. | रुपन्देही | बसन्तपुर गा.वि.स बालपुर | २ | ७१३ | ०-०-१.५ विघा |
| ६४. | रुपन्देही | बसन्तपुर गा.वि.स बालपुर | २ | ५६७ | ०-०-९ विघा |
| ६५. | रुपन्देही | पडसरी गा.वि.स | ३ क | ८५ | ४-१-६ विघा |
| ६६. | रुपन्देही | सिद्धार्थनगर न.पा, पिपरिया चोक | ६ | ९५ | १०४९.२० वर्ग मिटर |
| ६७. | रुपन्देही | सिद्धार्थनगर न.पा, बुद्ध चोक | ८ | १२७ | ३७८.४५ वर्ग मिटर (घर समेत) |
| ६८. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चवार | ३ | ९३८ | १५७२.५० वर्ग मिटर |
| ६९. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चवार | ३ | ९४४ | ३५२५ वर्ग मिटर |
| ७०. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चवार | ३ | २७४ | १५० वर्ग मिटर |
| ७१. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चवार | ३ | २५२ | १२४० वर्ग मिटर |
| ७२. | रुपन्देही | मनपकडी गा.वि.स, मर्चवार | ३ | ३८३ | १०९० वर्ग मिटर |
| ७३. | रुपन्देही | सिद्धार्गनगर न.पा | ४ | २०३, २८५ र २८३ | ०-१-०, ०-५-० र ०-०-४.५ विघा |
| ७४. | रुपन्देही | भगवानपुर गा.वि.स | ५ | १५३ | ३७५८.९० वर्ग मिटर |
| ७५. | रुपन्देही | धकधई गा.वि.स | ३ | १५०, ६५४, ६५६ र १५१ | १११७.३२, २३२.८१, १०१५.९२ र १३०३.५५ वर्ग मिटर |
| ७६. | चितवन | देवौली गा.वि.स, शान्ति चोक | १घ | २०९०, २०९१, १९५४ र १९५८ | क्रमशः ६७७.२६, १६८०.४२, १८७०.९२ र १७९०.५० वर्ग मिटर |
| ७७. | रुपन्देही | मोतिपुर गा.वि.स, रानीगंज चोक | २ ग | ४२७, ४२९ र ४३२ | २०३.१८, ५४१.८२ र ९५८.१९ वर्ग मिटर (घर समेत) |
| ७८. | रुपन्देही | मोतिपुर गा.वि.स, रानीगंज चोक | २ ग | ४२६, ४२८ र ४६० | कमशः २०३.१८, ६४३.४२ र ५०७.९६ वर्ग मिटर |
| ७९. | काठमाडौं | काठमाडौं म.न.पा, बाफल | १३ | ५५, ५६, ९२ र ३२८ | कमशः १३१, ८४.००, २३.०० र १११.२९ वर्ग मिटर (घर समेत) |
| ८०. | मकवानपुर | टिष्टुङ्ग गा.वि.स | ५ | १३१७ | ५-०-१-० रोपनी |
| ८१. | मोरङ | दर्वेशा गा.वि.स | ८ङ | ६०७, ६०९, ६०५, ११५, १७५, १७८, १७३ र १७४ | कमशः ०-०-१२-०, ०-१-०-०, ०-०-१५-०, ३-५-८-२, ३-९-१-२, ०-३-१३-०, ०-५-६-२ र ०-१९-२-२ विगाहा |
| ८२. | सुनसरी | ईटहरी उप-महानगरपालिका | ४ग | २२११ | ०-०-८ १/२ विघा (घर समेत) |
| ८३. | सुनसरी | ईटहरी उप-महानगरपालिका, माथिल्लो गैसार | ७ | ७३६७ | ०-०-१० विघा |
| ८४. | सुनसरी | हाँसपोसा गा.वि.स, वालग्राम | ८ | २७९० र २७९२ | २२८.५८ र २१.१६ वर्ग मिटर |
| ८५. | मोरङ | थलाहा गा.वि.स, तकिया | १ | ३८१, ५४७, ५४८, ७७२ र ७७५ | ३०४७.६७, ३०९८.४६, ३३३५.४८, १६०८.४७, २३७०.४१ वर्ग मिटर (घर समेत) |
| ८६. | चितवन | वीरेन्द्रनगर गा.वि.स, वानग्रुप | ६ ख | ७४३, ७४४ र ४३७ | १२८६.९७, ५८२४.२७ ७ ५४१८.०८ |
| ८७. | चितवन | हाजीपूर गा.वि.स, ज्यामिरे | ७ क | ३०२७ | १६९३.१५ वर्ग मिटर |
| ८८. | चितवन | चैनपुर गा.वि.स, लदरि टाईम पास चोक | ८ | २०५, ४१६, ४२१, ४८० र ४८२ | कमशः ०-७-१८, ०-०-१२, ०-०-१४, ०-७-० र ०-२- ६ विघा(घर समेत) |
| ८९. | चितवन | चैनपुर गा.वि.स | २ ग | २१ | २-९-०-० विघा |
| ९०. | चितवन | पञ्चकन्या गा.वि.स | ८ ग | ५९०, ७०५ र ७०६ | कमशः ०-२-१, ०-०-१०, र ०-२-० विघा (घर समेत) |
| ९१. | चितवन | जुटपानी गा.वि.स | २ ख | ७३० | ०-७-१४.५ विघा (घर समेत) |
| ९२. | चितवन | पिठुवा गा.वि.स | ६ | २५९७ | ०-०-८.५ विघा |
| ९३. | नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | वेनीमनीपुर गा.वि.स | ७ | ८५८, १०३१, १९३३, १७४१ र १७४० | २२८५.४४, ४०१७.११, १०१.५९, ६९२५.१८ र १६९३.२० वर्ग मिटर (घर समेत) |
| ९४. | नवलपरासी (वर्दघाट सुस्ता पूर्व) | वेनीमनीपुर गा.वि.स | ७ | ११५७ | ५६३७.४१ वर्ग मिटर |
| ९५. | बाँके | सितापुर गा.वि.स | ७ | २८२, २९१, ५९४, ५९५ र ८७७ | ४५४५, ४३३०, २१८५, २१८५ र १३५४.५२ वर्ग मिटर |
| ९६. | झापा | दमक नगरपालिका | १८ | ४५३ र ४७० | १०,६५० र ४५७.६६ वर्ग मिटर (घर समेत) |
| ९७. | ललितपुर | ललितपुर उ.म.न.पा, महालक्ष्मीस्थान | ५ | ४०५ र ४०७ | ०-०-२-० र १-८-३-० रोपनी |
| ९८. | रुपन्देही | मधवलिया गा.वि.स | ४ | १३३० | ०-०-१५ विगाहा |
| ९९. | कपिलवस्तु | वीरपुर गा.वि.स./न.पा | ५क | ११६१ | ०-४-८ विगाहा |
| १००. | कपिलवस्तु | वीरपुर गा.वि.स./न.पा | ५क | ११५६, ११५८ र ११६० | ०-२-१२-०, ०-७-३-१ र ०-४-७-३ विगाहा (घर समेत) |
| १०१. | काठमाडौं | काठमाडौं म.न.पा | ८ | १५९, ३३२ र ३३५ | कमशः ३५.७८, ९१.४० र ३५.७७ वर्ग मिटर (घर समेत) |
| १०२. | झापा | गरामनी गा.वि.स | ९ | ११ र १२ | ४४०५ र ९७६० वर्ग मिटर |
| १०३. | नुवाकोट | त्रिशुली गा.वि.स. | ३ | १५३ र ५४१ | १-३-०-३ र ०-२-०-० रोपनी (घर समेत) |
| १०४. | ललितपुर | ठैब गा.वि.स | ७ | ४७६ | ०-४-०-० रोपनी |
| १०५. | ललितपुर | ठैब गा.वि.स | २ | ५६ | १-०-०-० रोपनी |
| १०६. | काठमाडौं | काठमाडौं म.न.पा, कोटेश्वर सेती ओपी मार्ग | १० | ४३५, ४५० र ४५१ | ०-१-३-०, ०-५-१-० र ०-०-१-० रोपनी (घर समेत) |
| १०७. | काठमाडौं | काठमाडौं म.न.पा, दोभान पुल | १० | ४६ र ४७ | ०-१-०-१ र ०-३-०-० रोपनी (घर समेत) |
| १०८. | काठमाडौं | काठमाडौं म.न.पा, कोटेश्वर सेती ओपी मार्ग | १० | ४३२, ४५३ र ४४९ | ०-२-०-०, ०-५-२-१ र ०-०-२-० रोपनी (घर समेत) |
| १०९. | काठमाडौं | काठमाडौं म.न.पा, कोटेश्वर सेती ओपी मार्ग | १० | ६०७ | ०-५-१-१ रोपनी (घर समेत) |
| ११०. | काठमाडौं | काठमाडौं म.न.पा, | १० | २५९ र २५८ | ०-३-३-२ र ०-५-०-० रोपनी |
| १११. | काठमाडौं | काठमाडौं म.न.पा, रामहिटि | ६ | ५६२ | १-३-२-० रोपनी |
| ११२. | काठमाडौं | काठमाडौं म.न.पा, सिफल, सेतो ढोका | ८ | २६४ र १५ | ०-५-१-२ र ०-२-१-० रोपनी (घर समेत) |
| ११३. | काठमाडौं | काठमाडौं म.न.पा, तहाचल, चेतना मार्ग | १३ | ८० | १२० वर्ग मिटर (घर समेत) |

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम नबिल बैंक लिमिटेडको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**बाट कार्यालय समय भित्र खरिद/प्राप्त गर्न सकिनेछ ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र अर्थात मिति २०८२/०४/२६ गते सोमबार ५:०० बजे (बैकिंङ्ग समय)भित्र यस बैंकको **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बुझाई सक्नु पर्नेछ ।
३. प्राप्त बोलपत्रहरु मिति २०८२/०४/२७ गते मंगलबार दिनको ३:०० बजे बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा बोलपत्रदाता र/वा निजका प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ । तर बोलपत्रदाता वा निजको प्रतिनिधीको उपस्थिति नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन ।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्तदिनको ३:०० बजे(बैकिंङ्ग समय)भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ । त्यस्तै बोलपत्र खोल्ने दिन बैंक बिदा भएमा बिदाको लगत्तै बैंक खुलेको दिन दिउसो ३:०० बजे बोलपत्र खोलिनेछ ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ । एक भन्दा बढी सम्पत्ति विक्रीको हकमा बोलपत्र पेश गर्दा कुनकुन सम्पत्तिको लागि के कति बोलकबुल गर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ । बैंकले सबै वा कुनै वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ ।
६. बोलपत्रमा आफुले सकार गरी लिन चाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षरमा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुन आउने रकम धरौटी वापत यस बैंकको जुन सुकै शाखामा रकम जम्मा गरी सो को सक्कल भौचर र/वा अन्य बैंक वित्तीय संस्थाको ड्राफ्ट/गुड फर पेमेन्ट चेक/ मेनेजर/बैंकर्स चेक समेत बोलपत्र साथ समावेश गरी पेश गर्न सकिने छ । धरौटी स्वरुप जम्मा गरिएको रकममा ब्याज दिईने छैन ।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ । स्वीकृत बोलपत्रदाताले बैंकको सूचना पाएको मितिले १५(पन्ध्र)दिन भित्र कवोल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ । साथै,उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी बापत राखिएको रकम बैंकले जफतगर्न सक्नेछ ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति/फर्म/कम्पनी/संस्था स्वयंले तिर्नु बुझाउनु पर्नेछ ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धीकार्य रोक्का वा बदर गर्ने आदेश भएमा लिलाम रोक्का वा बदर हुनेछ । त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ । तर सो मा कुनै व्याज प्रदान गरिने छैन ।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ । रीत नपुर्‍याई दर्ता हुन आएको बोलपत्रउपर कुनै कारवाही हुने छैन ।
११. इच्छुक व्यक्ति/फर्म/संस्थाले बैंकको कर्जा असुली विभागमा सम्पर्क गरी बोलपत्र फारम लिन सक्नुहुनेछ ।
१२. लिलालबिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको केन्द्रीय कार्यालय, **कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१२ साउन २०८२ सोमबार
28 July 2025, Monday

# फिल्म 'पीआर' अस्ट्रेलियामा प्रिमियर हुने




**काठमाडौं/मस–** अस्ट्रेलियन पीआर पाउन नेपाली विद्यार्थीले गर्ने संघर्षको कथामा आधारित फिल्म 'पीआर'को अस्ट्रेलियामा प्रिमियर हुने भएको छ । फिल्म आगामी अगस्ट ९ मा सिड्नी र अगस्ट १२ मा न्यु क्यासल शहरमा विशेष प्रिमियरका साथ प्रदर्शनमा आउने निर्माण पक्षले जनाएको छ।


सिड्नीको हर्सफिलस्थित इभेन्ट सिनेमाका दुई हलमा ९ अगस्टमा पहिलो प्रिमियर र न्यु क्यासलको रिडिङ सिनेमाका दुई हलमा १२ अगस्टमा दोस्रो प्रिमियर आयोजना हुनेछ । अस्ट्रेलियामा फिल्म आरएफएम फ्यासिलिटी म्यानेजमेन्टका रञ्जित शाह र करियर गेटवे अस्ट्रेलियाका सन्तोष तिवारीको प्रस्तुतीमा प्रदर्शन हुन लागेको हो । निर्देशक शोभित बस्नेत प्रिमियर समारोहका लागि अस्ट्रेलियामै रहेका छन् ।

सलोन सलिना फिल्मस्को ब्यानरमा निर्माण भएको फिल्ममा नीर शाह, गौरी मल्ल, रवीन्द्र खड्का, दिक्पाल कार्की र उत्तम केसी विशेष भूमिकामा देखिँदैछन् भने आरए सुरज पौडेल, राजन कुँवर, विनिता कार्की, पूजा चौधरी, बिमला खत्री, आस्मा अधिकारी, गणेश बुढाथोकी, कृष्ण थापा, म्याक्स मस्तानी र नवीन घायलको मुख्य अभिनय रहेको छ ।

प्रदीप दाहाल र लक्ष्मण सापकोटा निर्माता रहेको फिल्मको कथा स्वयं निर्देशक बस्नेतले लेखेका हुन् । संवाद तथा पटकथा गणेश बुढाथोकीले तयार पारेका हुन् । फिल्ममा सौरभ सायमी (अस्ट्रेलिया) र सौरभ लामा (नेपाल) को छायांकन, बन्दे प्रसादको सम्पादन तथा मानस राज र भीम बीसीको संगीत छ ।

निर्माणपक्षका अनुसार, विदेशमा बस्ने नेपाली डायस्पोराका दर्शकले अवश्य हेर्नुपर्ने फिल्म हो 'पीआर' । विदेशमा संघर्षरत सन्तान र नेपालमा रहेका अभिभावकबीचको सम्बन्ध, भावना र आर्थिक उतारचढावलाई फिल्मले मार्मिक ढंगमा चित्रण गर्ने दाबी गरिएको छ ।

# 'जनै हराएको मान्छे'को नयाँ गीत 'मसुरीको दाना' सार्वजनिक



**काठमाडौं/मस–** नेपाली फिल्म 'जनै हराएको मान्छे : सम्बन्धका धागाहरू'को नयाँ गीत सार्वजनिक गरिएको छ । 'मसुरीको दाना' शीर्षकको यस गीतमा गायक एसडी योगी र गायिका अञ्जु पन्तको स्वर सुन्न सकिन्छ ।

हर्क साउदको शब्दमा तयार भएको गीतमा एसडी योगीकै संगीत रहेको छ । कोरियोग्राफर सुनिल क्षेत्रीको निर्देशनमा तयार भिडियोमा फिल्मका प्रमुख कलाकारहरू विजय बराल, केकी अधिकारी, मिरुना मगर, गौरव पहाडी लगायतलाई फिचर गरिएको छ ।

गीतले प्रेममा रहेका जोडीहरूको कथा बोकेको छ । व्यक्तिगत सम्बन्धमा अल्झिएका पात्रहरूको भित्री द्वन्द्वलाई गीतमार्फत प्रस्तुत गरिएको छ। प्रेमिकाले आफू प्रेमीका लागि उपयुक्त रहेको बताउने भाव, प्रेमीको नजरले आफूलाई हुरुक्क बनाउने प्रसंग र जिन्दगी सँगै बिताउने प्रस्तावले गीतलाई थप भावुक बनाएको छ ।

टिपिकल नेपाली शब्दहरू प्रयोग गरिएको गीतमा कोरसको प्रभावशाली प्रयोग देख्न सकिन्छ । नाच्न नजान्ने भनिएका विजय बरालले समेत मेहनतपूर्वक प्रस्तुति दिएका छन् । कोरियोग्राफीको पक्ष बलियो हुँदा गीतको भिडियोलाई आकर्षक बनाएको छ ।

फिल्ममा विजय बरालसँगै केकी अधिकारी, मिरुना मगर, गौरव पहाडी, सुशांक मैनाली, भोलाराज सापकोटा, रियर राई, भावना खपांगी मगर लगायतको अभिनय रहेको छ ।

हिमाल न्यौपानेको निर्देशनमा तयार भएको फिल्मको कथा, पटकथा र संवाद भानुभक्त ढकालले लेखेका हुन् । पेपरक्लिपको ब्यानरमा निर्माण भएको यस फिल्मका निर्माता कमल न्यौपाने र विमल न्यौपाने हुन् भने मनिष राउत सह-निर्देशकका रूपमा रहेका छन् । कार्यकारी निर्माता नारायण तिमिल्सिना, चुडामणि सिवाकोटी, आरके मानन्धर, सिआर बस्नेत, फिलिप डिसी र जेम्स महाराजन छन् । फिल्ममा शाहिल खानले टिजर-ट्रेलर तयार पारेका छन्, सम्पादन भरत रेग्मीले, कलर सुप्रिम पराजुलीले र एक्सन निर्देशन चुल्ठे काजीले गरेका छन् ।

## भूल सुधार

मिति २०८२/०४/११ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित श्री परिवन सामुदायिक वन उपभोक्ता समूहको काठ लिलाम बिक्री सम्बन्धी सूचनामा शिलबन्दी दाखिला गर्ने मिति १५ दिने हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

**श्री परिवन सामुदायिक वन उपभोक्ता समूह**
**अमरगढी न.पा.-३, डडेल्धुरा**

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **टाइटानिक म्यानपावर सप्लायर प्रा.लि. (श्रम इजाजत पत्र नं. २८५/०५८/०५९)** मा **Public Relation Officer** को पदमा कार्यरत **श्री नकुलराज गिरी (नागरिकता नंम्बरः २७/१५०)** हाल यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै निज सँग यस प्रा.लि.को कर्मचारीको हैसियतमा कुनै पनि किसिमको कारोबार नगर्न/नगराउनु हुन तथा यदि सो गरे गराएमा यस प्रा.लि. जिम्मेवार नहुने व्योहोरा यसै सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराईन्छ । यसबारेमा यदि कुनै दावी विरोध भएमा यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग ताहाचल, काठमाडौंमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

TITANIC Ethical Recruitment Agency Since 2002 | ISO 9001:2015 Certified Recruitment Agency
**टाइटानिक म्यानपावर सप्लायर प्रा.लि. (Titanic Manpower Supplier Pvt. Ltd.)**
इजाजत पत्र नं.: २८५/०५८/०५९ (Licence No. 285/058/059 - 2002 A.D.)
बसुन्धारा चौकी, काठमाडौं, नेपाल (Basundhara Chauki, Kathmandu Nepal)
+९७७-१-४९५३२५२ । ४९६४६५९ (+977-1-4953252 | 4964659)
Email: recruitment@titanicmanpower.com Website:www.titanicmanpower.com

## कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना १२ गते सोमबार)

यस विकास बैंकको शाखा कार्यालय मानेभञ्ज्याङ्गबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अन्तर्गत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला । उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं । सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ । साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपशिल**

**१) ऋणीको विवरण**

